
# बाल विवाह न्यूनीकरण सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना

## २०७५/७६–२०७९/८०




# रोल्पा नगरपालिका, रोल्पा

असार २०७६


छोराछोरीको उज्वल भविष्यका लागि उनीहरुलाई शारीरिक, आर्थिक र मानसिक रुपले सक्षम बनाई २० वर्ष उमेर पुगेपछि मात्र विहे गराऔं ।
रेकर्ड फाइल

# उमेर नपुगी विहे गर्नु र गराउनु कानुनन् दण्डनीय हो ।



प्राविधिक तथा आर्थिक सहयोग

**रोल्पा नगरपालिकाको कार्यालय**
रोल्पा, लिबाङ

**रेडक्रस सोसाइटी**
जिल्ला शाखा, रोल्पा

**संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष**

# बाल विवाह न्यूनीकरण सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना

## २०७५/७६–२०७९/८०

**रोल्पा नगरपालिका, रोल्पा**

असार २०७६

नेपाल सरकार
जिल्ला समन्वय समिति
रोल्पा

प.स. ०७५/०७६
५ नं. प्रदेश, नेपाल

च.नं. ६३८
मिति :- २०७६/०३/१९

## शुभकामना मन्तव्य

नेपालको वर्तमान कानूनले विवाहको लागि निश्चित उमेर तोकेको छ । तर पनि तोकिएको उमेर नपुग्दै विवाह गर्ने पुरानो प्रचलन भने नेपाली समाजमा कायमै छ । यस अवस्थालाई अन्त्य गरी कानुनले तोकेको उमेर पार गरेर मात्र विवाह गर्ने परिपाटीको विकास गर्नको लागि नेपालमा सरकारी तथा गैर सकारी क्षेत्रहरुबाट बालविवाह न्यूनिकरणका कार्यक्रमहरु संचालन भइरहेका छन् । नेपालमा बालविवाहको तथ्याङ्क हेर्ने हो भने छोराहरुको तुलनामा छोरीहरुको बालविवाह गर्ने प्रतिशत अत्यधिक  बढी छ । नेपालमा राष्ट्रिय क्षेत्रबाट मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत बालविवाह अन्त्यका प्रयास भइरहेका छन् तर व्यवहारमा कार्यान्वयन हुन नसक्नु नै उजुरीको कमीहो भन्ने मेरो धारणा छ ।

बालविवाहका कारण परिवारमा विभिन्न समस्या उत्पन्न हुने, पढाइ छाड्नुपर्ने, स्वास्थ्यमा समस्या आउने र पारिवारिक बेमेलका कारण महिला माथि चरम हिंसा हुने, श्रीमान श्रीमतीमा सम्बन्ध विच्छेद हुने जस्ता प्रशस्त उदाहरणहरु हाम्रो समाजमा हुँदाहुँदै पनि ग्रामीण क्षेत्रमा यसको प्रभाव बढी देखिएको छ । कतै कतै त अभिभावकहरु नै कानूनी रुपमा अँझै अनभिज्ञ भएको कारण अविभावकहरुबाट नै बालविवाह गराइने गरेका छन् । यस्तो किसिमको अवस्था हाम्रो जिल्लामा पनि कायम छ । यो अवस्थालाई अन्त्य गर्नका लागि जिल्लामा बिभिन्न सामाजिक अभियान जस्तै बालविवाह न्यूनिकरणका अभियानहरु  स्थानीयतहहरुमा संचालित छन् । तसर्थ अब हामीले बालविवाह न्यूनिकरण मात्र नभएर बालविवाह निर्मुलीकरणको अभियान थाल्न जरुरी छ ।

रोल्पा जिल्लाको सन्दर्भमा रोल्पा नगरपालिका क्षेत्रमा कार्यरत संस्था संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) र नेपाल रेडक्रस सोसाइटी रोल्पा शाखाले बालविवाह न्यूनिकरणका लागि २०७५/२०७६ देखि २०८०/२०८१ सम्मको पाँच वर्षे रणनीतिक योजना तयार गर्न लागेको कुरा सुन्दा अत्यन्त खुशी लागेको छ । यस रणनीतिका आधारमा रोल्पा जिल्लामा हुने बालविवाह न्यूनिकरणका प्रयासहरुले बालविवाहको अन्त्यगर्न सफलभई बालविवाह मुक्त जिल्ला बनाउने अभियान सफल बन्न सकोस्  र यो रणनीतिक योजना बालविवाह उन्मुलनको प्रभावकारी दस्तावेज बन्न सकोस् भन्ने विश्वास गर्दै  हार्दिक शुभकामना व्यक्त गरदछौ ।

राजबहादुर बुढा
प्रमुख

# रोल्पा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लिबाङ, रोल्पा
## ५ नं.प्रदेश, नेपाल

प.सं.:-२०७५/०७६ मिति २०७६/०३/ ३०

च.नं.:- २२०६

**विषय : शुभकामना**

मानव अधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्ति संग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय सबै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको सर्न्दभमा २० भन्दा कम उमेरमा गरिने विवाह बालविवाह वा उमेर नपुगी गरिने विवाह हो । बालविवाह एक सामाजिक अपराध हो । बालविवाह नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको मानव अधिकारको उल्लंघन हो । बिवाह गर्ने वा नगर्ने भन्ने बिषय प्रत्येक व्यक्तिको नैसर्गीक अधिकार हो ।

हाल नेपालको तथ्यांक अनुसार बाल विवाह उच्च दरमा रहेको पाईन्छ । नेपाल जनसाङख्यीक स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार महिलाको पहिलो विवाहको औसत उमेर १७.९ र पुरुषको विवाहको २१.७ वर्ष रहेको छ । बालविवाहले बहुआयामिक हानिको श्रृङखला हुने र यसको असरमा मानव जीवनचक्र भरि नै रहनसक्छ । रोल्पा जिल्लामा २६ प्रतिशत परिवार गरिबीको रेखामुनि रहेका छन् भने शैक्षिक हिसाबमा साक्षरता दर ५८ प्रतिशत मात्र रहेको छ । करिब १० प्रतिशत बालबालिकाहरु विद्यालय पहुँच बाहिर रहेका छन् ।

यस परिपेक्ष्यमा समाजमा जारी रहेको बालविवाह र यसबाट हुने लैगिंक एवम् यौनजन्य दुर्व्यवहार, घरेलुहिंसा, सम्वन्धविच्छेद जस्ता अवस्थाले प्रत्यक्षरुपमा बालबालिकाहरुको शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक विकासको क्षेत्रमा नकारात्मक दुरगामी प्रभाव परेको छ । यस ५ वर्षे रणनितिक योजना निर्माण गर्न सहयोग पुऱ्याउनुभएका नगरपालिकामा कार्यरत विभिन्न राजनैतिक दल, सरकारी तथा गैरसरकारी निकायहरु, नागरिक समाज, सहकारी, प्रहरी, बुद्धिजिवि,व्यापारी र आमा समूहलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस आयोजनालाई हामी बालविवाहलाई अन्त्य गर्ने मुल दस्तावेजको रुपमा लिई कार्यान्वयनमा ल्याउनेछौं । बालविवाहलाई अन्त्य गर्ने राष्ट्रिय परिलक्ष्यलाई पुरा गर्न योजना निर्माणमा आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने नेपाल रेडक्रस सोसाईटी रोल्पा, युएनएफपिए लाई विशेष धन्यवाद दिन चाहन्छु ।

नगर प्रमुख

नगर प्रमुख
पूर्ण केसी

Toll Free No. +977-166-086-44555 ☎ Ph. +977-086-440071, ☎ Ph. +977-086440372
URL: https://www.rolpamun.gov.np, E-mail- rol

रोल्पा न.पा.-०२, पिपलचौतारा, रोल्पा
फोन नं.: ०८६-४४००३६
इमेल : nrcsrolpa@gmail.com

# नेपाल रेडक्रस सोसाइटी

## रोल्पा जिल्ला शाखा

प.सं.:- ०७५/०७६ मितिः-२०७६/०२/१५
च.नं.:- ७१



## शुभकामना

मानव सभ्यताको विकास हुने क्रममा थुप्रै कालखण्डहरू बितिसकेका छन् । हिजो कुनै समयमा जङ्गलमा फिरन्ते जीवन बिताउने मानिस आज सभ्य, भव्य र व्यवस्थित समाज निर्माण गरेर बसेको छ । त्यो फिरन्ते जीवनको आवश्यकता, इच्छा, चाहना र आजको व्यवस्थित जीवनको आवश्यकता, इच्छा, चाहना फरक छन् । कुनै बेला गास, बास र कपास मात्र आधारभूत आवश्यकता भित्र पर्दथे भने आज त्यति मात्र काफी छैन । समय परिवर्तन र विकास क्रमसँगै समाजका आधारभूत आवश्यकताहरू एवम् सभ्य र समृद्ध समाज निर्माणका थुप्रै अवयवहरू निर्माण तथा व्यवस्थित गर्नुपर्ने हुन्छ भने सभ्य समाज निर्माणका निम्ति केही नीति नियमहरु निर्माण र अनुशासनको दायरा पनि तोक्नुका साथै कतिपय परम्परागत रुढिवादी संस्कारलाई परिष्कृत गर्दै समयको मागसँगै ढाल्नुपर्ने परिस्थिति पनि आउँदो रहेछ ।

हिजोसम्म बालविवाह यो समाजको चिन्तनको विषय नै थिएन तर आज चिन्तनमात्र होइन, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक एवम् कानुनी मुद्दा बनेको छ । बालविवाह न्युनीकरण सबै साझा सवाल बनेको छ । यही साझा सवालसँग सम्नवन्धित रहेर संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष (UNFPA) ले विगत केही वर्षदेखि नेपाल रेडक्रस सोसाइटी रोल्पा जिल्ला शाखासँग सहकार्य गर्दै आएको छ । यही क्रममा UNFPA को आर्थिक सहयोग, नेपाल रेडक्रस सोसाइटी रोल्पा जिल्ला शाखाको सहभागिता एवम् *रोल्पा नगरपालिकाको* सक्रियतामा रोल्पा नगरपालिकाको पञ्च वर्षीय *"बालविवाह न्युनीकरण रणनीतिक योजना"* (२०७५/७६-२०८०/८१) तयार भई कार्यन्वयनमा आउन लागेको सुखद् खबरले हामीलाई निकै उत्साहित बनाएको छ ।

सामाजिक, आर्थिक एवम् सांस्कृतिक समस्याका रूपमा रहेको बालविवाहलाई न्युनीकरण गर्न सबै क्षेत्रबाट चासो, चिन्तन, प्रयास भइरहेको सन्दर्भमा यो प्रशंसनीय त छ नै, जिल्लाका दशवटा स्थानीय तहहरूमध्ये बालविवाह न्युनीकरण रणनीतिक योजना निर्माण गर्ने पहिलो स्थानीय तह भएकोले पनि यसको ऐतिहासिक महत्व त्यत्तिकै छ ।

अन्त्यमा, आगामी ५ वर्षभित्र रोल्पा नगरपालिकाभित्र हुने बालविवाहलाई पूर्णरूपमा रोक्न यो रणनीतिक योजना सहायकसिद्ध हुनेछ भन्ने विश्वासका साथ योजना कार्यन्वयनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना ॥

डी.बी.दुहुरो
सभापति
नेपाल रेडक्रस सोसाइटी, रोल्पा

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| **अध्याय-एक** | **१-८** |
| पृष्ठभूमि (Background) | १ |
| अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रबिद्धताहरु | १ |
| राष्ट्रिय कानुनी व्यवस्था तथा नीतिहरु | ३ |
| वर्तमान स्थिति | ४ |
| रोल्पा नगरपालिकामा बालविवाह सम्बन्धी देखिएका समस्या र सवालहरु | ६ |
| बालविवाह न्युनीकरण सम्बन्धी रणनीतिक योजनाको आवश्यकता र औचित्य | ७ |
| बालविवाह न्युनीकरण सम्बन्धी रणनीतिक योजनाका सिद्धान्तहरु | ८ |
| **अध्याय-दुई** | **९-३९** |
| बालविवाह न्युनीकरण सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना (२०७५/७६-२०७९/८०) पृष्ठभूमि | ९ |
| रोल्पा जिल्ला तथा रोल्पा नगरपालिकामा बालविवाहको अवस्था | १३ |
| कार्यदल गठन | १५ |
| रणनीतिको परिकल्पना | १७ |
| उद्देश्यहरु | १७ |
| परिमाणात्मक परिलक्ष्य | १८ |
| रणनीतिहरु | १८ |
| मुख्य-मुख्य क्रियाकलापहरु | २० |
| अनुमानित बजेट | २१ |
| कार्ययोजना | ३० |
| अपेक्षित नतिजा | ३४ |
| बालविवाह बिरुद्ध सरोकारवाला पक्षहरु | ३५ |
| योजना कार्यान्वयन, समन्वय, अनुगमन र मूल्यांकन | ३७ |
| श्रोत व्यबस्थापन | ३९ |
| **अध्याय-तीन** | ४५-५५ |
| लजिकल फ्रेमवर्क वा सोंचतालिका | ४०-४५ |

| विषय | पृष्ठ |
| --- | --- |
| **अनुसूचीहरु** | ४६-७१ |
| अनुसूची- १ रणनीतिक योजना निर्माण कार्यदलको नामावली | ४६ |
| अनुसूची- २ कार्यदलको काम, कर्तव्य र अधिकार | ४६ |
| अनुसूची- ३ आधारभूत सूचना संकलन प्रक्रिया | ४७ |
| अनुसूची- ४ सूचना संकलनका लागि कार्ययोजना | ५४ |
| अनुसूची- ५ रणनीतिक योजना निर्माण कार्यशाला-मंसिर ११ र १२ गते) सहभागी महानुभावहरुको नामावली | ५५ |
| अनुसूची-६ रणनीतिक योजना निर्माणको लागि सामुदायिक परामर्श | ५७ |
| अनुसूची- ७ बालविवाह न्यूनीकरणका लागि रोल्पा नगरपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरुको सार्वजनिक प्रतिबद्धता | ६१ |
| अनुसूची- ८ सन्दर्भ सामग्री | ६२ |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| CBS : | Central Bureau of Statistics |
| CDPS : | Central Department of Population Studies |
| CEDAW : | Convention on the Elimination of All Forms of Discrimination against Women |
| DEO : | District Education Office |
| DHO : | District Health Office |
| HDI : | Human Development Index |
| HuRAC : | Human Rights Awarness Center |
| ICPD : | International Conventions on Population Development |
| ICRW : | International Center for Research on Women |
| IMS : | Information Management System |
| MDG : | Millienium Development Goals |
| NMICS : | Nepal Multiple Indicator Cluster Survey |
| NDHS : | Nepal Demographic Health Survey |
| SDG : | Sustainable Development Goals |
| SAIEVAC : | South Asia Initiative to End Violence against Children |
| UNFPA : | United Nations Population Fund |
| UNICEF : | United Nations Children's Fund |
| NRCS : | Nepal Red Cross Society |

# अध्याय- एक

## पृष्ठभूमि (Background)

दक्षिण एसियामा बाल विवाह गर्ने बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बाल विवाहको लागि राष्ट्रिय रणनीति २०७२ ले नेपालमा १५ देखि १९ बर्षका बालिकाहरुमध्ये २९ प्रतिशत विवाहित छन् भने २० देखि २४ वर्षको उमेर समूहको विवाहित महिलामध्ये ४१ प्रतिशतको विवाह १८ वर्ष नपुग्दै भएको छ, *(नेपाल जनसांखिक स्वास्थ्य सर्वेक्षण २०११)*। राष्ट्रिय जनगणना २०११ का अनुसार विवाहित व्यक्तिहरुमध्ये ११ प्रतिशत व्यक्तिहरुले १५ वर्ष नपुग्दै विवाह गरेको देखाएको छ । सन् २०१६ मा गरिएको एक सर्वेक्षण अनुसार रोल्पा जिल्लामा ३९ प्रतिशत बालविवाह भएको पाइन्छ । साथै रोल्पा जिल्लामा ८७ प्रतिशत महिलाहरु २० वर्ष अगावै पहिलो बच्चाको आमा बनिसकेको अवस्था छ । यद्यपि बालविवाह न्यूनीकरणको लागि विभिन्न प्रयासहरु पनि भइरहेका छन् । पछिल्ला दिनहरुमा बालविवाहको संख्यामा उल्लेख्य कमी आएका तथ्यांकहरु पनि छन् ।

नेपाल सरकारले किशोर किशोरीहरुको विकासको लागि अन्तर्राष्ट्रिय दस्तावेजहरु जस्तै, बाल अधिकार महासन्धी १९८९, CEDAW १९७९, जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्य योजना १९९४ आदिमा प्रतिबद्धताहरु जनाइसकेको छ । नेपालले सार्क क्षेत्रस्तरीय 'Regional Action Plan to End Child Marriage in South Asia (2015-2018) मा सर्मथन जनाएको छ । साथै दिगो विकास लक्ष्य २०३० प्राप्तिको लागि प्रतिबद्ध छ र सन् २०२२ सम्ममा कम विकसित देशबाट विकासशील देशमा पुग्ने लक्ष्य पनि लिएको छ । जसको लागि बालबालिका तथा युवा वर्गमा लगानी बृद्धि गर्न प्रतिबद्ध छ । नेपाल सरकारले बालबालिका तथा किशोर किशोरीहरुको समग्र विकासको लागि राष्ट्रिय नीति, रणनीति, योजना तथा कार्यक्रमहरु पनि तय गरिसकेको छ । यसै सन्दर्भमा हालै मात्र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल विवाह अन्त्यको लागि राष्ट्रिय रणनीति २०७२ जारी गरेको छ। सोही रणनीतिको कार्यान्वयन स्वरुप रोल्पा नगरपालिकाले बाल विवाह अन्त्यको लागि रोल्पा नगरपालिकास्तरीय रणनैतिक योजना, २०७५ निर्माण गर्न लागेको छ । यस दस्तावेजले बाल विवाहमुक्त नगरपालिका बनाउने उद्देश्य पूरा गर्नको लागि क्षेत्रगत कार्यक्रम निर्माणको लागि सही मार्गचित्र तथा रणनीतिक कार्यदिशा प्रदान गर्नेछ ।

**अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धता :**

विश्वव्यापी स्तरमा बाल विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तीका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (२०१६-२०३०) मा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण : चुनौती, उपलब्धि, उदाहरणीय

अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका हुन् ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि १९८९; महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख १९६६, यातना विरुद्धको महासन्धि १९८४, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना १९९४, (Program of Action adopted at the International Conference on Population and Development, 1994), चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीयस्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधीन आलेखहरु मार्फत् नागरिकहरुको आधारभूत अधिकारहरु विशेषतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसैगरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

बाल विवाह विरुद्धको प्रयास सार्कसँग आबद्ध रहेको “बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल” (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा “बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५-२०१८)” (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत् बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा “बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि” विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नका लागि काठमाडौं आव्हान” (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

## राष्ट्रिय कानुनी व्यवस्था तथा नीतिहरु

**नेपालको संविधान, २०७२ :**

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरी बालबालिकाको हकको रुपमा स्थापित गरेको छ । यी कार्यहरुलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ । नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरी त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ ।

**बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ :**

- **बालमैत्री स्थानीय शासन :** राष्ट्रिय रणनीति, २०६८ को दफा ९ बमोजिम बालमैत्री स्थानीय शासनको प्रबर्द्धनबाट बालअधिकार प्राप्त भई बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भई सेवाको सुनिश्चितता भएको हुनेछ भन्ने लक्ष्यकासाथ सो राष्ट्रिय रणनीतिले उल्लेख गरेको दफा १८ बमोजिम उपलब्धि मापनका न्यूनतम सूचकहरु अन्तर्गत अनुसूची ३ को ख (२) बमोजिम बालविवाहको संख्यामा कमी आएको हुनेछ भन्ने उल्लेख गरिएको छ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ को दफा ४ को उपदफा ४ मा उल्लेखित बालअधिकार सम्बन्धी सेवा प्रवाहका न्यूनतम सूचक प्राप्तिको लागि सहयोग गर्ने उद्देश्यलाई परिपूर्ति गर्न सोही कार्यविधिको अनुसूची-१ को ख (२) अनुसार बालविवाहको संख्यामा कमी ल्याउन घरपरिवार, अभिभावक, संरक्षक, स्थानीय निकाय, स्थानीय प्रशासन एवं प्रहरीलाई प्रमुख जिम्मेवार निकायको रुपमा तोकेको छ ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९**

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले वाल विवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ । नीतिको रणनीति नं ८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ ।

**मुलुकी अपराध (संहिता) ऐन,२०७४**

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद- ११ मा उल्लेखित विवाह सम्बन्धी कसुर अन्तर्गत सो ऐनको दफा १७३ को उपदफा (१) बमोजिम विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन र सोही दफाको उपदफा २ बमोजिम २० वर्ष नपुगी भएको विवाह स्वतः बदर हुने व्यवस्था रहेको छ भने सोही दफाको उपदफा ३ बमोजिम २० वर्ष नपुगी विवाह गर्ने गराउने कसूर गरेमा सो व्यक्तिलाई ३ वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

**बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२**

सन २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्य लिई बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले ६ वटा रणनीतिक कार्यदिशा तय गरेको छ ।

- बालिका र किशोरीको सशक्तिकरण
- बालिका र किशोरीको लागि गुणस्तरीय शिक्षा
- बालक, किशोर र पुरुषको सहभागिता
- परिवार समुदायको परिचालन
- सेवा प्रवाह
- कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

**बालबालिका सम्बन्धी ऐन, २०७५**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ उपदफा-२ (ण) बमोजिम बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको हिंसा गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ । सो कार्य गरे गराएमा सोही ऐनको दफा ७२ उपदफा ३ (ख) बमोजिम ७५ हजार रुपैयाँसम्म जरिवाना र ३ बर्षसम्म कैद हुने ब्यबस्था रहेको छ । यसैगरी ऐनमा उल्लेखित दफा ६६ बमोजिमको कसूरको सम्बन्धमा प्रचलित कानुनमा कुनै हदम्याद तोकिएमा त्यस्तो हदम्याद भित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नुपर्ने व्यवस्था दफा ७४ (१) ले गरेको छ ।

**वर्तमान स्थिति :**

- ❖ गरिबी र कम उत्पादन, रोजगारीको अभाव, सामाजिक विभेद, लैङ्गिक एवं पारिवारिक हिंसा, दुर्व्यवहार, अभिभावकविहीनता, संचार माध्यमको दुरुपयोग, जनचेतनाको कमी, अभिभावकको वेवास्ता एवं साथीसंगतको प्रत्यक्ष, अप्रत्यक्ष दवावका बीच बालविवाहले एक सामाजिक संस्कारकै रुपमा मान्यता पाएको छ ।
- ❖ नेपाल विश्वमा धेरै बालविवाह हुने २० राष्ट्रभित्र पर्दछ भने दक्षिण एशियाली मुलुकमा बंगलादेश (६६%) र इन्डिया (४७%) पछि तेस्रो स्थान (४१%) मा रहेको छ । (ICRW,2006)

- सन २०१२ मा प्लान नेपाल, सेभ द चिल्ड्रेन र वर्ल्ड भिजनबाट गरिएको अध्ययन अनुसार नेपालमा २० देखि २४ वर्षका व्यक्तिहरुमध्ये ४६.२ प्रतिशतले (महिला ५२.३ प्रतिशत र पुरुष ३३.८ प्रतिशत) बालविवाह गरेको देखिएको छ ।
- नेपाल जनसंख्या स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार करिब ५२% महिलाहरुले १८ वर्षको उमेरमा नै विवाह गर्छन् जबकि पुरुषहरुमा १९% ले मात्र १८ वर्षमा विवाह गर्छन् । १५ देखि १९ वर्षका १७% महिलाहरु किशोरी उमेरमै आमा भइसक्छन् वा पहिलो बच्चा जन्माउन गर्भवती हुने गर्छन् भन्ने तथ्य सो अध्ययनले देखाएको छ । अध्ययनबाट शैक्षिक अवस्था अनुसार विवाहको उमेरमा भिन्नता आउने देखिएको छ । २० देखि २४ वर्षका महिलाहरुमध्ये १८ वर्ष मुनि विवाह गर्ने महिलाहरु हेर्दा निरक्षर महिला ७२ प्रतिशत, प्राथमिक शिक्षा लिएका ५७ प्रतिशत र माध्यमिक तहको शिक्षा लिएका २३ प्रतिशत महिला रहेका छन् ।
- किशोरकिशोरी तथा युवा सर्वेक्षण, २०११ अनुसार २० देखि २४ वर्षका युवाहरुमा ५ जना केटीहरु मध्ये ३ जना (६०.६२%) र ४ जना केटामा १ जना (२२.६%) ले २० वर्ष नपुग्दै विवाह गरेको अवस्था रहेको छ ।
- मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा गरिएको अध्ययनमा १० जना किशोरीमा ६ जना (६०%) ले १८ वर्ष नपुग्दै विवाह गरेको अवस्था देखिएको छ । (Unicef, NMICS,2010)
- मध्य पश्चिमाञ्चल क्षेत्रमा बालविवाहको दर ५३ प्रतिशत रहेको छ, जुन अन्य विकास क्षेत्रको तुलनामा उच्च भएको पाइएको छ । (स्रोत : युएनएफपिए, २०११)
- रोल्पा जिल्लामा बालविवाहको अवस्था हेर्दा राष्ट्रिय जनगणना, २०६८ अनुसार १५(१९ वर्ष उमेर समूहका महिला मध्ये ३०.१४ प्रतिशत विवाहित भएको र १४.४६ प्रतिशत महिलाको १ बच्चा समेत जन्मिसकेको अवस्था रहेको छ । यसैगरी २०-२४ वर्ष उमेर समूहका महिला मध्ये ८२.३५ प्रतिशत विवाहित भएको र १५.२४ प्रतिशत महिलाको १ बच्चा समेत भएको तथ्य देखिएको छ ।
- जिल्ला बालकल्याण समिति, रोल्पाबाट वि.सं.२०७१ मा साविकका १५ गाविसमा गरिएको आधारभूत सर्वेक्षण अनुसार जिल्लामा ५३ प्रतिशत बालविवाह रहेको देखिएको छ भने सन् २०१४ मा मानवअधिकार सचेतन केन्द्र (हुरेक) रोल्पाबाट ७ गाविसमा गरिएको सर्वेक्षण अनुसार ४८ प्रतिशत बालविवाह भएको र सन २०१५ मा गरिएको सर्वेक्षणमा ४६ प्रतिशत बालविवाह रहेको देखिएको छ ।
- जनसंख्या अध्ययन केन्द्रीय विभागले सन् २०१६ मा ५ जिल्लामा गरेको अध्ययन अनुसार २०-२४ बर्ष उमेर समूहका विवाहित महिलामध्ये २९.८ प्रतिशत महिला १८ वर्ष नपुग्दै विवाहित भएको र ६५.५ प्रतिशतले २० वर्ष नपुग्दै बच्चा जन्माइसकेको अवस्था रहेको छ ।

रोल्पा जिल्लाको हकमा सो अध्ययनले २०(२४ वर्षका विवाहित महिला मध्ये ३९ प्रतिशतले १८ वर्ष नपुगी विवाह गरेको र ती मध्ये ८७ प्रतिशत महिलाहरु २० वर्ष नपुगी आमा भइसकेको देखाएको छ ।

**रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी देखिएका समस्या तथा सवालहरु, सबल पक्ष, सुधार गुर्न पर्ने पक्ष, अवसर तथा चुनौतीहरु :**

*रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी देखिएका समस्या तथा सवालहरु :*

- बाल विवाह
- मादक पदार्थ, लागु पदार्थ, धुम्रपान, नशालु पदार्थको सेवन ।
- विद्यालय छोड्ने दर कायमै रहेको र उच्च शिक्षा हासिल गर्ने दरमा गिरावट ।
- महिला हिंसा, सम्बन्ध विच्छेद, बहुविवाह ।
- शैक्षिक गुणस्तरमा समस्या ।
- अविभावकको कम चासो, निगरानी कमी ।
- सामाजिक अभियानमा कम चासो
- आत्महत्या

सबल पक्ष :

- बालविवाह न्यूनीकरण सम्बन्धी कार्यदल गठन ।
- कार्यक्रम सञ्चालनमा कार्यदल सक्रिय ।
- कार्यक्रमको लागि बजेटको व्यवस्था ।
- रणनीतिक योजना निर्माणमा अग्रसरता ।
- कार्यक्रम सञ्चालनको लागि जनप्रतिनिधि/सरोकारवालाको सहभागिता ।

सुधार गुर्न पर्ने पक्षः

- बाल विवाह न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम ।
- बाल विवाह न्यूनीकरण सम्बन्धी संयन्त्र सक्रिय रुपमा लाग्नुपर्ने ।
- बालबालिकालाई लागु पदार्थ सेवन र ओसार पसार गर्नबाट टाढै राख्नुपर्ने ।
- कानुनको प्रभावकारी कार्यन्वन गर्नुपर्ने ।
- बालविवाह गर्नु अपराध हो भन्ने कुराको बोध गर्ने ।

अवसरहरु

- मिश्रित सामाजिक परम्परा
- परिवर्तनमुखी जनचाहना
- विभिन्न सीपमूलक तालिम सञ्चालन
- बाल विवाहले निम्त्याएको खराब असरबारे सचेतीकरण बिस्तार

- नगरबासीहरुको आर्थिक अवस्थामा क्रमिक सुधार
- नगरभित्र भेदभावरहित कानुनी कार्यान्वयन
- कानुन नियमन तथा अगुनगमनको क्रियाशिलता
- नगरबासीप्रति राज्य, सरकारी तथा गैरसरकारी संस्थाहरुको सकारात्मक सद्‌भाव र सहयोग ।

**चुनौतीहरु :**

- सामाजिक तथा धार्मिक मूल्य मान्यताहरु (मेला जात्रा, मगनी, कन्यादान, मौसमी बसाईसराई/गोठ परम्परा)
- बेरोजगारी, अशिक्षा
- सञ्चार माध्यमको दुरुपयोग (फेसबुक, युट्‌युब, भाईबर, ट्वीटर, मोबाईल)
- राजनैतिक हस्तक्षेप
- वर्तमान कानुन प्रभावकारी कार्यान्वयन नहुनु ।

**बाल विवाह न्यूनीकरण सम्बन्धी रणनीतिक योजनाको आवश्यकता तथा औचित्य :**

नेपालको संविधानले महिला र बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ र बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण र बन्धक राख्न नपाइने र महिला विरुद्ध धार्मिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको संबैधानिक सुनिश्चितता गरेको छ । यसैगरी नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा दिगो विकासका परिलक्ष्यहरु हासिल गर्न गरेका प्रतिबद्धता अनुसार सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेका छन् । यस सन्दर्भमा बालबालिकाको स्वास्थ्य, शिक्षा र सहभागिताको स्थितिमा क्रमिक रुपमा सुधार हुँदै गए तापनि विभिन्न कारणले बालबालिका तथा किशोरकिशोरीहरुले बालविवाह पश्चात् भोग्नुपरेका समस्या र जोखिमको तुलनामा नीतिगत, कार्यक्रमगत तथा संस्थागत प्रयासहरू अपर्याप्त देखिएका छन् । गरिवी, अशिक्षा, सामाजिक संजालको दुरुपयोग, हानिकारक सामाजिक मूल्य मान्यता, परम्परा र संस्कार, लैङ्गिक हिंसा, पारिवारिक दुर्घटना र बालबालिका विरूद्ध बढिरहेका हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरूले समग्र विकास प्रक्रियालाई नकारात्मक प्रभाव पारेका छन् ।

बाल विबाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ ले बालविवाहलाई अन्त्य गर्न स्पष्ट रणनैतिक कार्यदिशा प्रदान गरेको छ जसमा प्रत्येक रणनीतिको लागि विशिष्ट रणनैतिक उपायहरुको बारेमा उल्लेख गरेको छ । सो राष्ट्रिय रणनीतिले तय गरेका लक्ष्य र उद्देश्यलाई पूरा गर्न हालसम्म रोल्पा जिल्लाका नगरपालिका र गाउँपालिकामा यस प्रकारको कुनै पनि कार्य योजना निर्माण

भइनसकेको अवस्थामा रोल्पा नगरपालिकाले बाल विवाह अन्त्यको लागि रणनैतिक योजना निर्माण गर्ने आवश्यकता महसुस गरी बाल विवाह न्यूनीकरण सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना (वि.सं.२०७५/७६-२०७९/८०) निर्माण गरेको छ ।

**बाल विवाह न्यूनीकरण सम्बन्धी रणनीतिक योजनाका सिद्धान्तहरू :**

- **समानताको अधिकार** : प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।
- **बालबालिकाको सर्वोत्तम हित** : बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।
- **बाल बचाउ र विकास** : प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम् स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।
- **संरक्षण** : बाल विवाह, बेचविखन तथा ओसारपसार, बाधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।
- **अर्थपूर्ण सहभागिता** : बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो विचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भई उनीहरूको महत्व बढाउन योगदान पुग्छ ।
- **राज्यको दायित्व** : नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारक तत्वको रुपमा रहेको बाल विवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

# अध्याय- दुई

## बाल विवाह न्यूनीकरण सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना

## (२०७५/७६-२०७९/८०)

### पृष्ठभूमि :

### *रोल्पा जिल्लाको चिनारी*

नेपालको ५ नं प्रदेश अन्तर्गत पर्ने रोल्पा जिल्ला एक मध्य पहाडी जिल्ला हो । नेपालको प्रशासनिक विभाजन अनुसार पूर्वमा प्यूठान र बाग्लुङ्ग, पश्चिममा सल्यान, उत्तरमा रुकुम पूर्व एवं रुकुम पश्चिम र दक्षिणमा दाङ जिल्लाको बीचमा रोल्पा जिल्ला रहेको छ । समुद्र सतहबाट ७०१ मिटरदेखि ३६३९ मिटर उचाइमा रहेको यो जिल्ला २८.८ देखि २८.३८ं उत्तरी अक्षांशमा र ८३.१०ं देखि ८३.९०ं पूर्वी देशान्तरमा फैलिएको छ । कूल क्षेत्रफल १,८७९ वर्ग किलोमिटर रहेको यस जिल्लालाई २ निर्वाचन क्षेत्र, ९ गाउँपालिका र १ नगरपालिकामा विभाजन गरिएको छ ।

**रोल्पामा बालबालिका तथा किशोरकिशोरीहरुको जनसंख्या :**

| क.सं. | उमेर समूह | जनसंख्या | कुल जनसंख्यामा प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ०-४ | २८५३८ | १२.७१ | |
| २ | ५-९ | ३१९९६ | १४.३१ | |
| ३ | १०-१४ | ३२९४० | १४.६० | |
| ४ | १५-१९ | २४२०४ | १०.७८ | |
| | किशोरकिशोरी (१०-१९) | ५७१४४ | २५.४५ | |

*स्रोत : पपुलेशन मोनोग्राफ, २०१४*

किशोरी तथा युवा महिलाहरुको प्रजननको अवस्था

| क.सं. | उमेर समूह | जनसंख्या | विवाहित जनसंख्या | १ बच्चा जन्माएको महिला | बच्चा नजन्माएको महिला |
|---|---|---|---|---|---|
| १ | १५-१९ | १३५३६ | ४०८० (३०.१४) | ५९० (१४.४६) | ३४९० (८५.५४) |
| २ | २०-२४ | ११४६७ | ९४४४ (८२.३५) | १४४० (१५.२४) | ७३५२ (७७.८४) |

*श्रोत (राष्ट्रिय जनगणना २०६८)*

## जिल्लाको जात जातिगत विवरण

| क्र.सं. | जातजाति | महिला | पुरुष | कुल जनसंख्या | ओगटेको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मगर | ५२७०२ | ४४३०९ | ९७,०११ | ४३.२१ | |
| २ | क्षत्री | ४०७८१ | ३५१०५ | ७५८८६ | ३३.८० | |
| ३ | ब्राह्मण | १२७५ | १३६० | २६३५ | १.१७ | |
| ४ | कामी | १५१५० | १२३३९ | २७४८९ | १२.२४ | |
| ५ | दमाई/ढोली | ४३६६ | ३६४८ | ८०१४ | ३.५७ | |
| ६ | ठकुरी | ११६३ | १०१५ | २१७८ | ०.९७ | |
| ७ | दशनामी/सन्यासी | २८२६ | २२४८ | ५०७४ | २.२६ | |
| ८ | सार्की | ९२० | ७९१ | १७११ | ०.७६ | |
| ९ | गुरुङ | ६५९ | ५१४ | ११७३ | ०.५२ | |
| १० | नेवार | २५८ | २९८ | ५५६ | ०.२५ | |
| ११ | थकाली | ३८ | २५ | ६३ | ०.०३ | |
| १२ | घर्ती/भुजेल | ७८ | ६२ | १४० | ०.०६ | |
| १३ | बादी | ७४ | ७६ | १५० | ०.०७ | |
| १४ | गाइने | २३ | २६ | ४९ | ०.०२ | |
| १५ | अन्य | १०९३ | १२८४ | २३७७ | १.०५ | |
| | जम्मा | १२१४०६ | १०३१०० | २२४५०६ | १०० | |

*स्रोत : पपुलेशन मोनोग्राफ २०१४*

## जिल्लाका प्रमुख सामाजिक परिसूचकहरु

| क्र.सं. | विवरण | एकाई | मान |
|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क (HDI), सन् २०१३ | | ०.३८४ |
| २ | जम्मा जनसंख्या | जना | २,२४,५०६ |
| ३ | पुरुषको जनसंख्या | जना | १,०३,१०० |
| ४ | महिलाको जनसंख्या | जना | १,२१,४०६ |
| ५ | लैङ्गिक अनुपात | प्रति सय महिलामा पुरुष | ८४.९२ |
| ६ | घरपरिवार संख्या | संख्या | ४३७३५ |
| ७ | औषत परिवार संख्या | जना | ५.१३ |
| ८ | वार्षिक जनसंख्या बृद्धि दर | प्रतिशत | ०.६७ |
| ९ | जनसंख्या दोब्बर हुन लाग्ने अवधि | वर्ष | १०३ |
| १० | जनघनत्व | जना/बर्ग कि.मी | ११९ |
| ११ | कोरा जन्मदर | हजारमा | २८ |
| १२ | कुल प्रजनन दर | जना | ३.८ |
| १३ | विवाह गर्ने सरदर पुरुषको उमेर | वर्ष | २१.३ |
| १४ | विवाह गर्ने सरदर महिलाको उमेर | वर्ष | १९.४ |
| १५ | औषत आयु (पुरुष) | वर्ष | ६२.०१ |
| १६ | औषत आयु (महिला) | वर्ष | ६३.८७ |
| १७ | औषत आयु (दुवै) | वर्ष | ६२.६ |
| १८ | कोरा मृत्युदर | हजारमा | ९ |
| १९ | शिशु मृत्यु दर | प्रतिहजारमा | ३८ |
| २० | मातृ मृत्यु दर | प्रतिलाखमा | २२९ |
| २१ | विदेशिएकाहरुको जनसंख्या | जना | २३५९७ |
| २२ | अपाङ्गता भएका ब्यक्तिहरुको जनसंख्या | जना | ७४५८ |
| २३ | कुल आश्रित अनुपात | प्रतिशत | ९६.९८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

## जिल्लाको शैक्षिक विवरण :

| क्र.सं. | विवरण | इकाई | मान |
|---|---|---|---|
| १ | साक्षरता दर | प्रतिशत | ९७.२४ |
| २ | विद्यालय संख्या | संख्या | ४३८ |
| ३ | सामुदायिक विद्यालय | संख्या | ४०७ |
| ४ | संस्थागत विद्यालय | संख्या | ३१ |
| ५ | प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर | प्रतिशत | ७६ |

## जिल्लाका प्रमुख सामाजिक परिसूचकहरु

| क्र.सं. | विवरण | एकाई | मान |
|---|---|---|---|
| १ | १८ बर्ष नपुग्दै विवाह गर्ने २०-२४ बर्ष उमेर समूहका महिला | प्रतिशत | ३९ |
| २ | १५ बर्ष नपुग्दै विवाह गर्ने २०-२४ बर्ष उमेर समूहका महिला | प्रतिशत | ६.८ |
| ३ | १८ बर्ष नपुग्दै विवाहित भई २० बर्ष उमेर अगावै बच्चा जन्माउने २०-२४ उमेर समूहका महिला | प्रतिशत | ८७ |
| ४ | १५ बर्ष नपुग्दै विवाहित भई १८ बर्ष उमेर अगावै बच्चा जन्माउने २०-२४ उमेर समूहका महिला | प्रतिशत | ७५ |
| ५ | दक्ष स्वास्थ्यकर्मीको सहयोगमा बच्चा जन्माउने १५-१९ बर्षका महिला | प्रतिशत | ७० |
| ६ | नि.मा.वि.तहमा अध्ययन गर्ने उमेर समूहका विद्यालय बाहिर रहेका किशोरीहरुको दर | प्रतिशत | ३.९ |
| ७ | परिवार नियोजन साधनको प्रयोग दर (१५-४९) (स्वास्थ्य सेवा विभाग २०१५/१६) | प्रतिशत | २९.५ |
| ८ | नि.मा.वि.तहमा विद्यालय बाहिर रहेका किशोरीहरुको प्रतिशत | प्रतिशत | ३.९ |
| ९ | कक्षा ५ मा बालिकाको टिकाउ दर | प्रतिशत | ९७.४ |
| १० | कक्षा ८ मा बालिकाको टिकाउ दर | प्रतिशत | ९४.९ |

*स्रोत : जनसंख्या अध्ययन केन्द्रीय विभाग, २०१७*

## रोल्पा नगरपालिकाको संक्षिप्त चिनारी :

रोल्पा जिल्लामा रहेका पुनःसंरचित १० वटा स्थानीय तह मध्ये १ मात्र नगरपालिकाको रुपमा रोल्पा नगरपालिका रहेको छ। कुल क्षेत्रफल २७०.४२ वर्ग किलोमिटर रहेको रोल्पा नगरपालिका समुद्र सतहबाट ८२० देखि ३६३९ मिटरसम्मको उचाइमा रहेको छ। मध्य-पहाडी क्षेत्रमा पर्ने यो नगरपालिकामा समशितोष्ण हावापानी पाइन्छ। औषतमा तापमान अधिकतम २४.१ डिग्री र न्युनतम १४.८ डिग्री सेल्सीयस रहेको पाइन्छ। यस नगरपालिकाको पूर्वमा सुनछहरी र सुनिलस्मृति गाउँपालिका, पश्चिममा त्रिवेणी र माडी गाउँपालिका, उत्तरमा थबाङ र परिवर्तन गाउँपालिका एवं दक्षिणमा सुनिलस्मृति र रुन्टीगढी गाउँपालिका रहेका छन्। साविक लिवाङ नगरपालिका (लिवाङ, खुमेल गा.वि.स), कोटगाउँ, जंकोट, ह्वामा, धवाङ गा.वि.स. र साविक कोर्चावाङ गा.वि.स.को वडा नं. ३, ४ र ५ तथा जेदबाङ गा.वि.स.को वडा नं. १ देखि ६ समाविष्ट भई बनेको रोल्पा नगरपालिकालाई हाल १० वटा वडामा विभाजन गरिएको छ। वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ३२७५९ र जनघनत्व १२१ प्रति वर्ग कि.मी. रहेको छ।

मुख्यगरी मगर, क्षेत्री, दलित, बाहुन, गुरुङ, कँवर, योगी, नेवारलगायत समुदायको बसोबास रहेको यो नगरपालिकामा राष्ट्रिय भाषा नेपालीसहित मगर खाम भाषा, नेवारी र गुरुङ मातृभाषा बोल्ने गरेको पाइन्छ। कला र संस्कृतिमा धनी रहेको यस नगरपालिकाभित्र सोरठी, पैसेरु र सराय नाँच प्रचलित रहेका छन्।

### रोल्पा नगरपालिकाको जनसांख्यिक विवरण

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा. र वडा नं. | जम्मा घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | लिवाङ वडा नं. ७, ९ र खुमेल वडा नं. ७, ८, ९ | ६१५ | १४७३ | ११३० | २६०३ |
| २ | लिवाङ वडा नं. १ देखि ४ | १५९५ | ३०५१ | २८५२ | ५९०३ |
| ३ | खुमेल वडा नं. १ देखि ६ | ५६० | १४७७ | १२२३ | २७०० |
| ४ | लिवाङ वडा न ५, ६ र ८ | ४८५ | १३०६ | ९६५ | २२७१ |
| ५ | जेदबाङ वडा नं. १ देखि ६ | ४६८ | १३९२ | १०५१ | २४४३ |
| ६ | कोटगाउँ वडा नं. २ देखि ७ र वडा नं.९ | ७०६ | १८२६ | १४५१ | ३२७७ |
| ७ | कोर्चाबाङ वडा नं. ३ देखि ५, कोटगाउँ वडा नं. १, ८ र जंकोट वडा नं.१ | ५५० | १४३४ | १०५१ | २४८५ |
| ८ | जंकोट वडा नं. २ देखि ९ | ४६६ | १२३८ | १००३ | २२४१ |
| ९ | ह्वामा वडा नं. १ देखि ९ | ७८४ | २२०० | १६६५ | ३८६५ |
| १० | धवाङ वडा नं. १ देखि ९ | ८९४ | २६१८ | २२८३ | ४९०१ |
| | जम्मा | ७१२३ | १८०१५ | १४६७४ | ३२६८९ |

*स्रोत : रोल्पा जिल्लाको जनसांख्यिक पार्श्वचित्र, २०७४, जिल्ला स्वास्थ्य कार्यालय, रोल्पा*

*नोट : संस्थागत जनसंख्या समावेश नगरिएको।*

**रोल्पा नगरपालिकामा बालबालिका र किशोर किशोरीहरुको जनसंख्या :**

| क्र.सं. | उमेर समूह | कुल जनसंख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०-४ | ४४८६ | २१७८ | २३०८ | |
| २ | ५-९ | ५०४१ | २५३९ | २५०२ | |
| ३ | १०-१४ | ५१६० | २५७० | २५९० | |
| ४ | १५-१९ | ४१६१ | २३५१ | १८१० | |
| ५ | जम्मा | १८८४८ | ९६३८ | ९२१० | |
| | किशोर किशोरी (१०-१९) | ९३२१ | ४९२१ | ४४०० | |

*नोट : साविक कोर्चावाङ र जेदबाङ गा.वि.स.को सबै बालबालिका/किशोर किशोरीको जनसंख्यालाई समेटिएको।*

**रोल्पा नगरपालिकाको वडागत लक्षित जनसंख्या विवरण**

| वडा नं. | कुल जनसंख्या | अपेक्षित जिवित जन्म | ०-१४ बर्ष | १०-१९ बर्ष जम्मा जनसंख्या | १०-१९ बर्ष जम्मा महिला जनसंख्या | १०-१९ बर्ष जम्मा पुरुष जनसंख्या |
|---|---|---|---|---|---|---|
| रोल्पा न.पा. | ३६५४० | ८६१ | ९९९१ | ७५९० | ३९३० | ३६६० |
| १ | ३५५१ | ७९ | १०३४ | ७२१ | ३९६ | ३२५ |
| २ | ४१०८ | ९७ | १०३८ | ९८३ | ४९२ | ४९१ |
| ३ | २३०८ | ५४ | ७७७ | ४८८ | २८१ | २०७ |
| ४ | ६६८२ | १५७ | १२२४ | १०५४ | ४८१ | ५७३ |
| ५ | २४९६ | ५९ | ८३६ | ५६४ | ३१९ | २४५ |
| ६ | ३३९० | ८० | १०२४ | ७३९ | ३७० | ३६९ |
| ७ | २७२० | ६४ | ७१७ | ५६१ | ३०४ | २५७ |
| ८ | २३७३ | ५६ | ६३७ | ५०४ | २६२ | २४२ |
| ९ | ४०१९ | ९५ | ११८३ | ८९७ | ४८१ | ४१६ |
| १० | ५०९३ | १२० | १५२१ | १०७९ | ५४४ | ५३५ |

*स्रोत : रोल्पा जिल्लाको जनसांख्यिक पार्श्वचित्र, २०७४, जिल्ला स्वास्थ्य कार्यालय, रोल्पा*

**रोल्पा जिल्ला तथा रोल्पा नगरपालिकामा व्याप्त बाल विवाहको अवस्था :**

जिल्ला र रोल्पा नगरपालिकामा व्याप्त बाल विवाहलाई न्यूनीकरण गरी यस जिल्लालाई बाल विवाहमुक्त जिल्ला बनाउने तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु अनिवार्य हुन्छ। यथार्थपरक ढंगले संकलन गरिएका सूचनाहरूका आधारमा नगरपालिकामा बाल विवाह उन्मूलन गर्ने रणनैतिक योजना निर्माण गर्न सहयोग पुग्दछ। यस उद्देश्यले रोल्पा नगरपालिका र अन्य सरोकारवालाहरू समेतको सहयोग र सहकार्यमा यो रणनैतिक योजना तयार गरी लागू गर्न खोजिएको छ।

बालविवाह न्यूनीकरण लगायत बाल अधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि सम्बन्धित पक्षहरूको वास्तविक स्थितिको तथ्यांक र सूचना प्राप्त गर्नु जरुरी छ। यसरी संकलन गरिएका सूचनाहरुको आधारमा सम्वन्धित क्षेत्रको विकासमा थप टेवा पुरयाउन सहयोग पुग्दछ र वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र बालबालिकाहरुको चाहनामा

आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि बाल विवाह उन्मूलन गर्नका साथै बाल अधिकारको संरक्षणका लागि तयारी गर्न समेत वस्तुगत विवरणले सहयोग पुऱ्याउँछ। यसैका आधारमा रोल्पा नगरपालिकामा बाल विवाह उन्मूलनका लागि ५ वर्षे रणनैतिक योजना नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहकार्यमा तयार गरिएको हो ।

बालबालिकाहरुको विवाह हुनु भनेको बाल अधिकारको जघन्य अपराध हो । यसलाई न्यूनीकरण गर्नको लागि बालबालिकामाथि हुने सबै खालका हिंसा, दुर्व्यवहार, तिरस्कार, भेदभाव र शोषणलाई रोक्न बहस/पैरवी अभियानलाई सशक्त रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता छ। त्यसैले बालबालिकाहरु माथि हुने शारीरिक, मानसिक तथा शैक्षिक रुपमा देखिएको अवस्थामा सुधार ल्याउने अभियानमा रोल्पा नगारपालिकाले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँगको सहकार्यलाई समेत प्राथमिकता दिँदै आएको छ। यस अभियानको प्रारम्भिक कार्यको रुपमा जिल्ला स्तरका बालबालिकासँग सरोकार राख्ने सरोकारवालाहरुसँग समन्वय गरी बाल विवाह प्रतिको सोचाईमा परिवर्तन गर्ने, बालविवाहको सवाललाई स्थानीय स्तरमा स्थापित गर्ने, बाल हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव जस्ता बाल संरक्षणको क्षेत्रमा असर पार्ने तत्वहरुको विषयमा समुदाय स्तरको बुझाईमा एक रुपता ल्याउनुपर्ने आवश्यकता रहेको छ ।

गरिबी, परम्परागत खेती प्रणाली र कम उत्पादन, रोजगारीको अभावको साथै सामाजिक विभेद, लैङ्गिक एवं पारिवारिक हिंसा, दुर्व्यबहार, अभिभावविहीनता जस्ता आर्थिक सामाजिक संरचनामा आधुनिक संचार माध्यामको प्रयोग, जनचेतनाको कमी र अभिभावक, साथी संगतको प्रत्यक्ष र अप्रत्यक्ष दवाव, धेरै सन्तान तथा जिम्मेवार अभिभावकत्वको कमी जस्ता पक्षहरुले सहयोग पुऱ्याई २० वर्ष उमेर नपुगी हुने विवाहलाई नेपालको विद्यमान कानुनले रोक लगाएपनि बालविवाहले एक संस्कार र सामाजिक मान्यता पाएको छ। रोल्पा जिल्लामा २६ प्रतिशत परिवार गरिबीको रेखामुनि रहेका छन् भने शैक्षिक हिसाबमा साक्षरता दर ५८ प्रतिशत मात्रै रहेको छ। करिब १० प्रतिशत बालबालिकाहरु विद्यालय पहुँच बाहिरै रहेका छन् (के.त.वि.,२०१२) । यसले गर्दा आर्थिक सामाजिक विकासका सूचकांकहरु उल्लेख्य रुपमा नबढेको अवस्था रहेको छ। यस परिप्रेक्ष्यमा समाजमा जारी रहेको बालविवाह र यसबाट हुने लैङ्गिक एवं यौनजन्य दुर्व्यबहार, घरेलु हिंसा, सम्बन्ध विच्छेद जस्ता समस्या र अवस्थाले प्रत्यक्ष रुपमा बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासको क्षेत्रमा नकारात्मक रुपमा दूरगामी प्रभाव परेको छ। शिक्षा, स्वास्थ्य लगायत आधारभूत बाल अधिकारबाट बञ्चित रहनुपर्ने अवस्थाले गर्दा सक्षम नागरिक र सीपयुक्त जनशक्ति निर्माणमा बाधा भई सामाजिक, आर्थिक विकासमा आउने नकारात्मक परिणामहरुले गर्दा गरिबीको कुचक्र चलिरहेको अवस्था देखिन्छ। विसं.२०६८ को जनगणना अनुसार जिल्लामा ३०.१४% किशोरीहरुको २० बर्ष नपुग्दै विवाह गर्ने अवस्था रहेको छ भने अन्य विभिन्न संघसंस्था र निकायहरुले गरेका अध्ययन, सर्वेक्षणहरुले जिल्लामा बालविवाहको व्यापकतालाई देखाएका छन्। रोल्पा जिल्लाभरि

जम्मा पहिलो गर्भ जाँच गराउन आउने मध्ये २९.४३ प्रतिशत २० वर्ष मुनिका गर्भवती महिलाहरु रहेका छन् भने रोल्पा नगरपालिकामा मात्र जम्मा पहिलो गर्भ जाँच गराउन आउने मध्ये २० प्रतिशत जति २० बर्ष मुनिका महिलाहरु रहेका छन् ।

*(स्रोत: जिल्ला स्वास्थ्य कार्यालय रोल्पा, २०७४)*

**रोल्पा नगरपालिकामा बालविवाह र विद्यालय छोड्ने अवस्था :**

| क.सं. | विवरण | साविक गा.वि.स. | | |
|---|---|---|---|---|
| | | खुमेल | लिवाङ | कोटगाउँ |
| १ | १८ बर्ष नपुगी विवाह गर्ने २०-२४ बर्षका महिला | ३३.३% | ९.१% | ५०% |
| २ | विद्यालय छोडेका/बाहिर रहेका १०-१९ बर्षका किशोरीहरु | १४.३% | १०.७ % | २९.४% |

*स्रोत: जनसंख्या अध्ययन केन्द्रीय विभाग, २०१७*

**बालविवाह रोकथामका लागि बालविवाह न्यूनीकरण सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना निर्माणमा अपनाइएका प्रक्रिया र विधिहरु :**

बालविवाह रोकथामका लागि बालविवाह न्यूनीकरण सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना निर्माणमा अपनाइएका प्रक्रिया र विधिहरु यस प्रकार छन् :

१. कार्य दल गठन
२. प्राथिमक सूचना संकलन
३. द्वितीय सूचना संकलन

**१. कार्य दल गठन**

बालविवाहलाई अन्त्य गर्ने राष्ट्रिय परिलक्ष्यलाई पूरा गर्न रोल्पा नगरपालिकाले नेपाल रेडक्रस सोसाइटी रोल्पा र यूएनएफपीएको सहयोगमा ५ वर्षे रणनीतिक योजना निर्माणका लागि मिति २०७५/०६/१० गते नगर प्रमुख पूर्ण केसी तथा अन्य साझेदार निकायहरुको उपस्थितिमा नगर उप-प्रमुख श्री मनकुमारी घर्तीमगर ज्यूको अध्यक्षतामा ९ सदस्यीय कार्यदल गठन (अनूसूची-१) गरेको छ । कार्यदलले व्यापक रुपमा छलफल र परामर्शका साथ सूचना संकलन एवं विश्लेषण गरी रणनीतिक योजनालाई पूर्णता दिन सहयोग पुऱ्याएको छ ।

**२. प्राथिमक सूचना संकलन**

- समूह केन्द्रित छलफल,
- घटना अध्ययन,
- जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता,
- सामुदायिक परामर्श

- बालविवाहको समस्या रुख र न्यूनीकरण उपायका रुख विश्लेषण
- SWOT/C (Stregnth, Weakness, Opportunity & Threat/Challenges, BEEM (Build on Strength, Eliminate the Weakness, Explore/Exploit the Opportunity & Minimize the Threat/Chalenges) विश्लेषण

**३. द्वितीय सूचना संकलन**

- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६
- नेपालको संविधान, २०७२
- बालबालिका ऐन, २०७५
- बालविवाह न्यूनीकरण सम्बन्धी राष्ट्रिय रणनीति, २०७२
- राष्ट्रिय जनगणना, २०६८
- रोल्पा जिल्लाको जनसांख्यिक पार्श्वचित्र, २०७४
- विभिन्न संघ संस्थाले गरेको सर्वेक्षण प्रतिवेदन
- त्रि.वि.वि., जनसख्या अध्ययन केन्द्रीय विभागको अध्ययन प्रतिवेदन, २०१७

**बालविवाह न्यूनीकरणका लागि रोल्पा जिल्लामा गरिएका हालसम्मका प्रयासहरु**

बालविवाह एक सामाजिक समस्याको रुपमा रहेको छ । शिक्षा र सामाजिक क्षेत्रमा आएको सुधार र जागरणले गर्दा जिल्लामा विभिन्न कुरीति, कुसंस्कारहरुलाई न्युनीकरण गर्ने प्रयास र पहलहरु भएको पाइन्छ । राजनीतिक क्षेत्र, सामाजिक संघसंस्था र राज्यका सम्बद्ध निकायहरुबाट बालअधिकारको संरक्षण र संबर्द्धन गरी बालविवाह न्युनीकरण गर्न सेचनतामूलक अभियान संचालन भएपनि त्यसबाट अपेक्षित उपलब्धि हासिल भएको देखिदैन । विगतमा साविकको जि.वि.स, गा.वि.स, यूएनएफपीए, महिला तथा बालबालिका कार्यालय र जिल्ला बालकल्याण समिति रोल्पाको समन्वयमा साविकका १५ गा.वि.स.मा बालविवाहको आधारभूत सर्वेक्षण, २३ गा.वि.स.मा गा.वि.स.स्तरीय अभिमुखीकरण, बालविवाह न्युनीकरण समन्वय समिति गठन र परिचालन भएको देखिन्छ । यसबाहेक सामाजिक तथा राजनीतिक क्षेत्रबाट बालविवाह रोक्न केही गतिविधि निम्नानुसार भएको देखिन्छ ।

- तत्कालीन सशस्त्र द्वन्द्वको समयमा बालविवाह गरेवापत ६ महिनासम्म श्रमदान,
- बालविवाह गरेवापत ५,००० देखि ५०,००० सम्म जरिवाना र जरिवाना रकम जम्मा गरी जनचेतनामूलक कार्यक्रम संचालन (राङ्सी, ह्वामा, राङ्कोट, कोर्चाबाङ लगायतका साविक गा.वि.स.)
- विभिन्न ठाउँमा बालविवाह न्यूनीकरणका लागि बाल क्लव निर्माण
- २० वर्ष नपुगेसम्म विवाहित जोडीलाई अलग अलग राख्ने गरिएको,
- परिवर्तन गाउँपालिका ५ (राङकोट वडा) लाई २०७८ सालसम्म बालविवाहमुक्त वडा बनाउन कार्य योजना तथा प्रतिवद्धता गरिएको ।

- कोर्चावाङलाई वालविवाह मुक्त गा.वि.स. बनाउन प्रयास भएको,
- बाल क्लब र आमा समूहद्वारा विभन्न जनचेतनामूलक कार्यक्रम
- जिल्ला बालकल्याण समिति रोल्पा र हुरेक रोल्पाको सहयोगमा जिल्लाको तीन वर्ष (०७१/०७२ देखि ०७३/०७४) बालविवाह न्यूनीकरणको कार्ययोजना तर्जुमा गरिएको ।
- विभिन्न संचारकर्मीहरुबाट बालविवाह विरुद्ध समाचार, लेख र फिचर समेत लेखी संचारमाध्यमबाट विचार संप्रेषण भइरहेको ।
- समाजिक तथा आर्थिक क्षमता अभिबृद्धि तथा बालविवाह न्यूनीकरणका लागि किशोरी शिक्षा (रुपान्तरण कार्यक्रम साविकका ८ गा.वि.स.मा संचालन) ।
- वालविवाह न्यूनीकरणका लागि अभिभावकलाई शिक्षा तथा तालिम ।
- विद्यालयस्तरमा किशोर किशोरीमैत्री सूचना केन्द्र स्थापना ।
- २६ ओटा स्वास्थ्य संस्थामा किशोर किशोरीमैत्री वातावरण बनाउन विभिन्न तालिम तथा सामग्री सहयोग ।
- विद्यालय व्यस्थापन समितिले बालविवाह गर्ने विद्यार्थीलाई भर्नामा रोक लगाएको र हाल गंगादेव गाउँपालिकामा उमेर नपुगी विवाह गर्ने विद्यार्थीलाई स्कुल ड्रेस लगाउन रोक लगाई सुरुवाल भोटी र गुन्युचोली लगाउने नियम लागू गरेको ।

*रणनीतिको परिकल्पना*

"बालमैत्री तथा लैङ्गिक समानतायुक्त रोल्पा नगरपालिका वा बालविवाहमुक्त रोल्पा नगरपालिका" ।

*ध्येय :*

"रोल्पा नगरपालिकाभित्र बालविवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।"

*लक्ष्य :*

"वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बालविवाहको अन्त्य गरी बालबालिकाको अधिकारको प्रत्याभूति गराउने ।"

*उद्देश्य :*

आगामी ५ वर्ष भित्रमा माथि उल्लेखित परिकल्पना, ध्येय तथा लक्ष्य प्राप्त गर्नका लागि निम्न उद्देश्यहरु निर्धारण गरिएको छ ।

**उद्देश्य नं. १.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुँचमा पुगी बालबालिकामैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् ।

**उद्देश्य नं. २.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत् स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोर

किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् ।

**उद्देश्य नं. ३.** वि.सं. २०८० सम्ममा बाल विवाह अन्त्य गर्नको लागि रोल्पा नगरपालिकाका किशोर किशोरी, अविभावक, सेवा प्रदायक, समुदायिक संयन्त्रको क्षमतामा विकास भई परिचालित भएका हुने छन् ।

**उद्देश्य नं. ४.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा सूचना र सञ्चारका विभिन्न माध्यम मार्फत् बाल विवाह अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम एवं प्रचार प्रसार गरिएको हुनेछ ।

**उद्देश्य नं. ५.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका न्यून आयस्रोत भएका अविभावकहरु तथा विद्यालय विमुख किशोर किशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आय आर्जनमूलक क्रियाकलापमा सहभागी भई बाल विवाह रोकिएको हुनेछ ।

**उद्देश्य नं. ६.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**उद्देश्य नं. ७.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्युनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालित भएका हुनेछन् ।

**उद्देश्य नं. ८.** रोल्पा नगरपालिकाको बाल विवाह सम्बन्धी पञ्च वर्षीय रणनैतिक योजना (२०७५-२०८०) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ ।

**परिमाणात्मक परिलक्ष्य :**

| सूचकहरु | राष्ट्रिय अवस्था २०७५ | जिल्लाको अवस्था २०७५ | नगरपालिको अवस्था २०७५ | नगरको परिलक्ष्य २०८० |
|---|---|---|---|---|
| साक्षरता दर | ६५.९४ % CBS, 2011 | ९७.२४% DEO,Rolpa 2074) | ९६ % | १०० % |
| बालविवाहको दर | ५२% (NDHS,2016) | ३९% (CDPS,2017) | ३०.८% (CDPS,2017) | ५ % |
| २० वर्ष उमेर अगाडि गर्भवती जाँच गर्ने दर | १३.८०% (NDHS,2016) | २९.४३% (DHO,2074) | २०% (DHO,2074) | ० % |

**रणनीतिः**

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ लाई आधार मान्दै रोल्पा नगरपालिकामा बाल विवाह रोकथाम गर्न निम्न रणनीति अपनाइनेछ ।

- बालिका र किशोरीको सशक्तिकरण
- बालिका र किशोरीको लागि गुणस्तरीय शिक्षा

- बालक, किशोर र पुरुषको सहभागिता
- परिवार र समुदायको परिचालन
- सेवा प्रवाह
- कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

## विषयगत/क्षेत्रगत कार्यक्रमहरु :

| विषयगत क्षेत्र | मुख्य क्रियाकलापहरु |
|---|---|
| उद्देश्यः नं. १ | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुँचमा पुगी बालबालिकामैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् ।** |
| शिक्षा | • निःशुल्क र अनिवार्य आधारभूत गुणस्तरीय शिक्षा<br>• प्रत्येक कक्षामा आलोपालो गरी कक्षा संचालनको अवधिमा ५ मिनेट सचेतीकरण गर्ने<br>• किशोर किशोरी केन्द्रित विद्यालय कार्यक्रम संचालन गर्ने<br>• विद्यालयको आधारभूत तहदेखि हप्तामा १ दिन जनचेतनामूलक शिक्षा दिने र प्रतियोगितात्मक कार्यक्रम गर्ने<br>• शैक्षिक सहयोग, छात्रबृति |
| उद्देश्यः नं. २ | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत् स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् ।** |
| स्वास्थ्य | • किशोर किशोरीमैत्री स्वास्थ्य सेवा<br>• बृहत यौनिक शिक्षा<br>• प्रजनन् स्वास्थ्य, परिवार नियोजन सेवा<br>• आमा र बच्चाको स्वास्थ्य सुधार<br>• आधारभूत स्वास्थ्य सेवा |
| उद्देश्यः नं. ३ | **वि.सं. २०८० सम्ममा बाल विवाह अन्त्य गर्नको लागि रोल्पा नगरपालिका किशोर किशोरी, अविभावक, सेवा प्रदायक, समुदायिक संयन्त्रको क्षमतामा विकास भई परिचालित भएका हुनेछन् ।** |
| **क्षमता विकास** | • किशोर किशोरीको क्षमता विकास<br>• अभिभावकलाई परामर्श दिने<br>• सरोकारवालाहरुको संयन्त्र निर्माण, परिचालन (सेवा प्रदायक, समुदाय संयन्त्र) |
| उद्देश्यः नं. ४ | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा सूचना र सञ्चारको विभिन्न माध्यमय मार्फत् बाल विवाह अन्त्य सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार गरिएको हुनेछ ।** |
| सचेतना र सञ्चार | • बालविवाह न्यूनीकरण गर्दै अन्त्य गर्न सूचना, संचारका माध्यमको व्यापक प्रयोग र परिचालन<br>• नगरपालिकाका सबै टोल बस्तीहरुमा बालविवाह न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम ।<br>• बलबालिका अभिभावक, विद्यालय, समुदायमा सचेतना कार्यक्रम<br>• सशक्तिकरण अभियान संचालन , प्रचारप्रसार<br>• स्थानीय स्तरमा बालविवाहबाट भएको समस्याहरुको डकुमेन्ट्री बनाएर सरोकारवालाहरु समक्ष प्रदर्शन गर्ने<br>• अभिभावक शिक्षा समूहमा संचालन गर्ने  तथा कानुनको प्रचार प्रसार गर्ने |

| विषयगत क्षेत्र | मुख्य क्रियाकलापहरु |
|---|---|
| **उद्देश्यः नं. ५** | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका न्यून आयस्रोत भएका अविभावकहरु तथा विद्यालयविमुख किशोर किशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आय आर्जनमूलक क्रियाकलापमा सहभागी भई बाल विवाह रोकिएको हुनेछ ।** |
| सीपमुलक व्यवसाय र रोजगार | • जीवनोपयोगी सीपको व्यवस्था<br>• जीवनोपयोगी सीपमूलक तालिम<br>• सीपमूलक आयआर्जन, तालिम र अनुगमन गर्ने<br>• बाल श्रममुक्त समाज निर्माण |
| **उद्देश्यः नं.६** | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।** |
| कानुनी व्यवस्था (नीति, बालकोष) | • विद्यमान कानुनको कार्यान्वयन हुने वातावरण निर्माण गरिनेछ ।<br>• कानुनी व्यवस्थालाई कडाईकासाथ पालना गराउन जिम्मेवार निकायहरुलाई प्रेरित गर्ने<br>• बालविवाह गर्ने गराउने व्यक्ति, परिवारलाई दण्डित गरी बालबालिकाको क्षमता विकास र जोड कोषको स्थापना गर्ने<br>• कानुनको पालना र नियमन<br>• विहेवारी २० वर्ष पारी भन्ने नारालाई कडाईका साथ कार्यान्वयन गर्ने<br>• २० वर्ष मुनिका बालबालिकाहरुलाई मादक पदार्थ तथा सुर्तीजन्य वस्तु ओसार पसार तथा सेवनमा रोक लगाउन साझा उत्तरदायित्व लिने |
| **उद्देश्यः नं. ७** | **वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालन भएका हुनेछन् ।** |
| संयन्त्र निर्माण तथा परिचलन (समिति गठन, परिचालन) | • बालविवाह न्युनीकरण संयन्त्र निर्माण र परिचालन<br>• सबै वडाको प्रतिनिधित्व हुने गरी नगरस्तरीय समिति गठन गर्ने<br>• निगरानी समूह एवं लक्षित समूहको समूह, संगठन निर्माण, विकास र परिचालन गरिनेछ ।<br>• घटना दर्ता, सूचना संकलन गर्न प्रत्येक टोलमा सूचना अधिकारीको व्यवस्था गर्ने<br>• किशोरकिशोरी, बालक्लव गठन गर्ने र तालिम तथा उत्प्रेरणाको माध्यमबाट एक समूह एक जिम्मेवारी दिने । |
| **उद्देश्यः नं. ८** | **रोल्पा नगरपालिकाको बाल विवाह सम्बन्धी पञ्च वर्षीय रणनैतिक योजना (२०७५-२०८०) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ ।** |
| अनुगमन, मूल्यांकन | • वालविवाहको वास्तविक अवस्था पहिचानको सर्वेक्षण गर्ने<br>• स्रोत नक्शा र प्रोफाईल निर्माण<br>• अनुगमन मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउने,<br>• समीक्षा तथा सूचना अभिलेख अद्यावधिक गर्ने । |

## मुख्य मुख्य क्रियाकलापहरु

बालविवाह बहुपक्षीय सरोकारको विषय भएकोले यसलाई अन्त्य गर्न सबै क्षेत्रबाट लाग्नुपर्ने देखिन्छ । यस परिप्रेक्ष्यमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले अंगीकार गरेका रणनीतिलाई आत्मसाथ गरी लक्षित उद्देश्य अनुरुप विभिन्न क्रियाकलापहरु तर्जुमा गरिएको छ ।

| उद्देश्य नं. १. | १. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनीका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुंचमा पुगी बालबालिका मैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् । | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **रणनीति** | **मुख्य मुख्य क्रियाकलापहरु** | **सरोकारवाला निकाय** | **सरोकारवाला निकायको भुमिका** | **समन्वय/ सहकार्य** | **अनुगमन तथा मुल्यांकन** | **अनुमानित बजेट (रु हजारमा)** | **स्रोत** |
| **बालिका र किशोरीका लागि गुणस्तरीय शिक्षा** | बालमैत्री विद्यालय संचालन, व्यवस्थापन : तालिम, अभिमुखीकरण, भौतिक पूर्वाधार निर्माण | शिक्षा, युवा तथा खेलकुद शाखा/वडा कार्यालय | • बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,२०६७ को कार्यान्वयन<br>• सूचना, अभिलेख व्यवस्थापन | • जि.स.स. / जिल्ला शिक्षा समन्वय इकाई सेभ द चिल्ड्रेन/ हुरेक | तोकिएको न्यूनतम र अपेक्षित मापदण्डके आधार लिने । | १००० | न.पा./हुरेक/सेभ द चिल्ड्रेन |
| | अभिभावक शिक्षा कार्यक्रम | वडा कार्यालय/ युएनएफपिए/स्रोत केन्द्र/वडा समन्वय समिति | • बालअधिकार संरक्षण र जिम्मेवार अभिभावकत्व सम्बन्धी जागरुकता बढाउने | • समुदायमा आधारित संघसंस्थाहरु | विद्यालयका शिक्षक शिक्षिका र वडा तहमा रहको अनुगमन तथा मूल्यांकन इकाई | ५००.० | वडा कार्यालय/ विद्यालय |
| | शैक्षिक सहयोग र छात्रबृति | वडा कार्यालय/हुरेक/सेभ द चिल्ड्रेन | • जोखिम अवस्थाका बालबालिका/ किशोरकिशोरीको अभिलेख राखी समन्वयात्मक रुपमा शैक्षिक सहयोग गर्ने । | नगरपालिका/ जिल्ला शिक्षा समन्वय इकाइ | शिक्षा,युवा तथा खेलकुद शाखा | १००० | वडा कार्यालय/ हुरेक/सेभ द चिल्ड्रेन/ दिकोस/एकल महिला मानव अधिकार समिति |
| | विद्यालय छोडेको बालबालिका र किशोरकिशोरीहरुको लागि वैकल्पिक शिक्षा | वडा कार्यालय | विद्यालय छोडेका, भर्ना नभएका बालबालिका/ किशोरकिशोरीको कक्षोन्नति हुने गरी वैकल्पिक शिक्षा संचालन गर्ने । | नगरपालिका/ हुरेक/ युएनएफपिए | शिक्षा,युवा तथा खेलकुद शाखा | १००० | वडा कार्यालय/ हुरेक/सेभ द चिल्ड्रेन/ |
| | प्राविधिक शिक्षामा छात्रबृति | नगरपालिकाको कार्यालय | एक घर एक रोजगारलाई सुनिश्चित गर्न प्राविधिक शिक्षामा संलग्न बार्षिक १०० जनालाई छात्रबृति प्रदान गर्ने । | सम्वद्ध संघिय/प्रदेश मन्त्रालय | नगर कार्यपालिका | ५००० | न.पा. |
| | विद्यालय अन्तरक्रिया र सचेतना कार्यक्रम | विद्यालय/ वडा कार्यालय | • किशोरकिशोरी, शिक्षक र अभिभावक बीच अन्तरपुस्ता संवाद, अन्तरक्रिया, छलफल,<br>• सचेतनामुलक अतिरिक्त क्रियाकलाप संचालन | • शिक्षक अभिभावक संघ/बालक्लव | नगरस्तरीय कार्यदल | १००० | वडा कार्यालय/ विद्यालय |

| उद्देश्य नं. २. | वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् । | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **रणनीति** | **मुख्य मुख्य क्रियाकलापहरु** | **सरोकारवाला निकाय** | **सरोकारवाला निकायको भूमिका** | **समन्वय** | **अनुगमन तथा मूल्यांकन** | **अनुमानित बजेट** | **स्रोत** |
| **सेवा प्रवाह** | आधारभुत स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण | नगरपालिका/स्वास्थ्य समन्वय ईकाई | ➢ सेवा क्षेत्रका सबै जनताको पहुँच पुग्ने गरी शहरी स्वास्थ्य सेवा पुऱ्याउने | जि.स.स./विषयगत मन्त्रालय | नगरकार्यपालिका | २००० | न.पा. |
| | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा | स्वास्थ्य संस्था | ➢ विद्यालय र समुदाय तहका किशोरकिशोरी विच बृहत यौन तथा प्रजनन स्वास्थ्य शिक्षा सम्बन्धी अभिमुखीकण<br>➢ किशोारकिशोरीलाई प्रजनन स्वास्थ्य तालिम<br>➢ मनोसामाजिक परामर्श सेवा<br>➢ स्वास्थ्य शिविर एवं प्रजनन स्वास्थ्य प्रदर्शनी | विद्यालय/ युएनएफपिए | नगर स्वास्थ्य शाखा | २००० | वडा कार्यालय/ स्वास्थ्य समन्वय इकाई |
| | सुरक्षित मातृत्व र बालस्वास्थ्य सेवा | स्वास्थ्य संस्था | ➢ पूर्व प्रसुति सेवा, खोप कार्यक्रम र बर्थिङ सेन्टरको सुदृढिकरण | नगपालिका/ युएनएफपिए | नगर स्वास्थ्य शाखा | ५००० | न.पा./स्वास्थ्य समन्वय इकाई |
| | किशोरीहरुका लागि महिनावारीको सरसफाई व्यबस्थापन सम्बन्धी सचेतना र छात्रामैत्री शौचालयको व्यबस्था | वडा कार्यालय/विद्यालय | स्यानेटरी प्याडको व्यबस्थापन वा स्थानिय रुपमा निर्माण गर्न तालिम संचालन र छात्रामैत्री शौचालय निर्माण गर्ने । | जि.स.स./जिल्ला शिक्षा समन्वय ईकाई | शिक्षा, युवा तथा खेलकुदा शाखा | ५००० | वडा कार्यालय/ युएनएफपिए |

**उद्देश्य नं. ३.** बि.सं. २०८० सम्ममा बाल विवाह अन्त्य गर्नको लागि रोल्पा नगरपालिका किशोरकिशोरी, अविभावक, सेवा प्रदायक, सामुदायिक संयन्त्रको क्षमता विकास भई परिचालित भएका हुनेछन् ।

| रणनीति | मुख्य मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भूमिका | समन्वय | अनुगमन तथा मुल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **परिवार र समुदायको परिचालन** | विद्यालय एवं समुदाय तहमा किशोरी बृत्त र बालक्लव गठन, परिचालन | महिला सहकारी/आमा समूह/विद्यालय | किशोरी बृत्त र बालक्लव गठन, परिचालन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | महिला तथा बालबालिका समन्वय इकाई /युएनएफपिए | वडा कार्यालय | ५०० | महिला, बालबालिका समन्वय इकाई/नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |
| | बालक्लव र किशोरी समूहको नेतृत्व तथा क्षमता विकास | महिला तथा बालबालिका समन्वय इकाई/वडा कार्यालय | समूह, संगठनको संस्थागत विकास एवं नेतृत्व विकास तालिम प्रदान गर्ने | न.पा.कार्यालय | वडा कार्यालय | १००० | वडा कार्यालय/ हुरेक/नेपाल रेडक्रस सोसाइटी/ युएनएफपिए |
| | अभिभावक भेला तथा परामर्श कार्यक्रम | विद्यालय/वडा कार्यालय | बालबालिका/ किशोरकिशोरीमा आएका र आउन सक्ने अनैतिक व्यवहार, मनोसामाजिक समस्या र अभिभावकको दायित्वबारे छलफल गरी समस्या समाधान गर्ने । | सामाजिक कार्यकर्ता/शिक्षा, युवा,खेलकुद शाखा | न.पा.कार्यालय | ५०० | वडा कार्यालय/ हुरेक |
| | समुदायमा आधारित संघसंस्था, विद्यालय शिक्षक, किशोरकिशोरी र सरोकारवाला निकायहरुको सामुहिक प्रतिवद्धता र आचारसंहिता निर्माण गरी लागु गर्ने । | नगरपालिका/वडा कार्यालय | प्रतिवद्धता संकलन र आचारसंहिता निर्माण गरी लागू गर्ने । | विषयगत कार्यालय, सामुदायिक संघसंस्था | वडा समन्वय समिति/ नगरस्तरीय कार्यदल | ५०० | न.पा./वडा कार्यालय |
| | किशोरकिशोरीका लागि जीवनोपयोगी शीप विकास(साथी शिक्षा, रुपान्तरण कक्षा) कार्यक्रम | महिला, बालबालिका तथा समाजकल्याण उपशाखा/युएनएफपिए | जोखिम अवस्थाका किशोरकिशोरीलाई प्राथमिकतामा लिई जीवनोपयोगी शीप विकास तालिम र कक्षा संचालन | नेपाल रेडक्रस सोसाईटी/महिला सहकारी | वडा कार्यालय | १००० | नेपाल रेडक्रस सोसाइटी/ यूएनएफपिए |
| | उत्कृष्ट बालक्लव, किशोरी तथा आमा समूहलाई सम्मान एवं पुरस्कार प्रदान | वडा कार्यालय/स्वास्थ्य संस्था | बालविवाह रोकथाममा योगदान पुऱ्याउने बालक्लव, किशोरी र आमा समूहलाई पुरस्कृत गर्ने | महिला सहकारी/न.पा.कार्यालय | वडा स्तरीय समन्वय समिति | ५०० | महिला, बालबालिका |
| | टोल एवं बस्ती स्तरमा लैङ्गिक हिंसा र बालविवाह रोकथामका लागि घरदैलो/घुम्ती अभियान | सामुदायिक संस्थाहरु(युवा क्लव, बालक्लव, किशोरकिशोरी समुह, आमा समुह, महिला समुह,महिला सहकारी) | लैङ्गिक हिंसा र बालविवाह रोकथामका लागि आचारसंहिता/प्रतिबद्धताको जानकारी, निगरानी एवं टोल स्तरमा सचेतना बढाउने । | वडा कार्यालय | बालविवाह रोकथाम वडा समन्वय समिति | ५०० | स्वास्थ्य संस्था/ युएनएफपिए |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | युवा तथा किशोरकिशोरी मनोपरामर्श अभिमुखीकरण | विद्यालय/वडा कार्यालय | किशोरावस्थामा आउने परिवर्तन र पारिवारिक, सामाजिक परिवेश एवं साथीसंगतको प्रभावले आउने समस्याको निराकरण र उचित व्यबहार विकासका लागि मनोपरामर्शको व्यवस्था गर्ने । | जि.स.स./युएनएपिए/सेभ द चिल्ड्रेन | रोल्पा नगरपालिका | १००० | वडा कार्यालय/नेपाल रेडक्रस सोसाईटी/युएनएफपिए |
| | अभिभावक विहिन बालाबालिका र किशोरकिशोरीको बैकल्पिक स्याहारको व्यबस्थापन | वडा कार्यालय/महिला, बालबालिका समन्वय ईकाई | संरक्षणविहिन बालबालिकाको तथ्यांक संकलन तथा वैकल्पिक संरक्षण योजना निर्माण र कार्यान्वयन गर्ने | हुरेक/सेभ द चिल्ड्रेन | न.पा.कार्यालय | १००० | वडा कार्यालय/हेरक/सेभ द चिल्ड्रेन |
| | व्यबहारिक सिकाई र अनुभव आदान प्रदानका लागि बालविवाह मुक्त भईसकेका वा प्रभावकारी कार्यक्रम लागुभएका क्षेत्र, स्थानिय तह वा जिल्लाको भ्रमण | नगरपालिका | बालक्लव/किशोरी कशोरी समुह/सामाजिक परिचालकको व्यबहारिक सिकाईका लागि अन्तरजिल्ला भ्रमणको व्यबस्था गर्ने । | युएनएफपिए | नगर कार्यपालिका | १५०० | युएनएफपिए |
| | नगर/वडा स्तरमा आमा तथा किशोरी सम्मेलन एवं बालभेला | नगरपालिका कार्यालय/वडा कार्यालय | महिला तथा बालबालिकाहरुले भोग्ने गरेका सामाजिक समस्याहरुको पहिचान गरी साझा धारणा बनाउन एवं समाधानका उपायहरुको खोजी गर्ने र आवश्यक पैरवी गर्न वातावरण निर्माण गर्ने । | स्वास्थ्य संस्था/युएनएफपिए | नगर कार्यपालिका | २००० | न.पा./नेपाल रेडक्रस सोसाईटी/युएनएफपिए |

**उद्देश्य नं. ४.** बि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा सूचना र सञ्चारको विभिन्न माध्ययममार्फत बाल विवाह अन्त्य सम्बन्धि जनचेतनामूलक प्रचार प्रसार गरिएको हुनेछ ।

| रणनीति | मुख्य मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भूमिका | समन्वय | अनुगमन तथा मुल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **बालिका र किशोरीका लागि गुणस्तरीय शिक्षा** | सुचना, शिक्षा तथा संचार सामाग्री निर्माण र परिचालन (स्टिकर, पोष्टर, पम्पलेट, चित्रकथा, रेडियो जिंगल, रेडियो नाटक श्रृंखला वा अन्य कार्यक्रम, डकुमेन्ट्री, होर्डिङ बोर्ड, फ्ल्यास प्रिन्ट, वाल पेन्टिङ) | नगरपालिका कार्यालय/ एफ.एम.रेडियो र संचार जगत | ➢ सूचना तथा संचार सामाग्री परिचालन गरी ब्यापक रुपमा प्रचार प्रसार गर्ने | युएनएफपिए/सेभ द चिल्ड्रेन/बैंक र वित्तिय संस्था/उद्योग बाणिज्य संघ/निर्माण ब्यबसायी संघ/यातायात ब्यबसायी संघ | वडा स्तरीय समन्वय समिति/नगरस्तरीय कार्यदल | १००० | न.पा./ नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए/ हुरेक/ सेभ द चिल्ड्रेन/ वित्तिय संस्था/उद्योग बाणिज्य संघ/निर्माण ब्यबसायी संघ |
| | किशोरी समूह र बालक्लववाट भित्ते पत्रिका वा सुचना सामाग्री प्रकाशन | किशोरी समूह/ बालक्लव | किशोरी एवं बालबालिकाहरुको आन्तरिक प्रतिभा विकासका साथै सामुदायिक जिम्मेवारी निर्वाह गर्न भित्ते पत्रिका लगायत अन्य सामाग्री प्रकाशनमा सहयोग गर्ने । | विद्यालय/हुरेक/सेभ द चिल्ड्रेन | महिला तथा बालबालिका समन्वय इकाई | ५०० | हुरेक/सेभ द चिल्ड्रेन/नेपाल रेडक्रसा सोसाईटी/ युएनएफपिए |
| | बालविवाह विरुद्ध पण्डित, पुरोहित, ज्योतिष, धामी, झाँक्री र कटवालहरुलाई परिचालन गर्ने | वडा समन्वय समिति/वडा कार्यालय | विवाह लगायत सामाजिक कार्यमा जनविश्वास बोकेका ब्यक्तित्वहरुलाई बालविवाह विरुद्ध सुचना सम्प्रेषण गरी सो बमोजिम संस्कार, ब्यबहार परिवर्तन गर्न सहयोग पुऱ्याउने आवश्यक ब्यबस्था गर्ने । | जि.स.स./ नगरपालिका कार्यालय | नगरस्तरीय कार्यदल/वडा समन्वय समिति | ५०० | वडा कार्यालय/ |
| | लैङ्गिक हिंसा, बालविवाह, शिक्षा, स्वास्थ्य सम्बन्धी एकीकृत सुचना ब्यबस्थापन प्रणाली (IMS) स्थापना र सुदृढीकरण | नगरपालिकाको कार्यालय | घटना दर्ता लगायत सामाजिक विकासका सुचना एवं तथ्यांक | वडा कार्यालय/विषयगत मन्त्रालय | नगरकार्यपालिका | ५०० | न.पा./नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |

**उद्देश्य नं. ५.** बि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका न्युन आयश्रोत भएका अविभावकहरु तथा विद्यालय विमुख किशोरकिशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आय आर्जनमूलक क्रियाकलापमा सहभागी भई बाल विवाह रोकिएको हुनेछ ।

| रणनिती | मुख्य मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भुमिका | समन्वय | अनुगमन तथा मुल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **बालिका र किशोरीका लागि गुणस्तरीय शिक्षा** | विद्यालय विमुख किशोरकिशोरीहरुका लागि लघुउद्यमशिलता विकास तालिम (कुखुरापालन, सिलाईकटाई, वाईरिङ, फर्निचर निर्माण, तरकारी खेती, | वडा कार्यालय | विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको | विषयगत कार्यालयहरु | रोल्पा न.पा. | १००० | हेक/सेभ द चिल्ड्रेन/ नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |
| | विपन्न परिवारका अभिभावकलाई ब्यवसायिक शीप विकास तालिम | विषयगत कार्यालयहरु | अति विपन्न परिवारलाई कृषि र गैरकृषि क्षेत्रका ब्यवसायिक शीप प्रदान गरी सहयोग गर्ने । | जि.स.स./हुरेक | रोल्पा न.पा. | १००० | वडा कार्यालय/ विषयगत कार्यालय |
| | ब्यवसाय संचालनका लागि विद्यालय विमुख किशोरीहरुलाई विउ पुँजी र आवश्यक सामाग्री प्रदान | वडा कार्यालय | लघुउद्यमशिलता विकास तालिम सहित किशोरीहरुलाई ब्यवसाय संचालनमा सहयोग गर्ने । | विषयगत कार्यालय/ युएनएपपिए | रोल्पा न.पा. | १००० | वडा कार्यालय/नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |

## उद्देश्य नं. ६. बि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

| रणनीति | मुख्य-मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भूमिका | समन्वय | अनुगमन तथा मूल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **कानुन, नीतिको सुदृढीकरण र कार्यान्वयन** | कानुनी सेचतना कार्यक्रम (विद्यालय, आमा समूह, बालक्लव,युवा क्लव, किशोरकिशोरी समूह, पण्डित/पूरोहित/धामी/झाँक्री/ज्योतिष, अभिभावकहरु) | प्रहरी चौकी/वडा कार्यालय | बालविवाह सम्बन्धी विद्यमान कानुनी प्रावधानको जानकारी र सचेतना प्रदान | नेपाल बार एसोसियसन/ रोल्पा न.पा. | वडा स्तरीय समन्वय समिति | १००० | वडा कार्यालय/ युएनएफपिए |
| | लैङ्गिक हिंसा एवं बालविवाह सम्बन्धी जनप्रतिनिधहरुलाई अभिमुखीकरण | न.पा.कार्यालय | नगरपालिकाका जनप्रतिनिधिहरुका लागि लैङ्गिक हिंसा र बालविवाह सम्बन्धी कानुनी प्रावधानबारे अभिमुखीकरण कार्यक्रम तर्जुमा गर्ने । | जि.प्र.का/ जिल्ला सरकारी वकिल कार्यालय | नगर कार्यपालिका | ५०० | न.पा./ युएनएफपिए |
| | बालविवाहबाट प्रभावित बालबालिकाहरुको उद्धार, कानुनी र मनोविमर्श सेवा | वडा कार्यालय/ सामाजिक परिचालक | निगरानी समुह,उत्प्रेरक/ सामाजिक परिचालक खटाई कानुनी र मनोविमर्श सेवा प्रदान गर्ने । | प्रहरी चौकी/हुरेक/ सेभ द चिल्ड्रेन | रोल्पा न.पा. | ५०० | वडा कार्यालय/ नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |
| | मदिरा तथा सुर्तीजन्य पदार्थको अव्यवस्थित विक्री वितरण र बालबालिका माथिको प्रयोगमा नियमन गर्ने | वडा कार्यालय/प्रहरी चौकी | समुदाय तहमा मध्यपान,धुम्रपानजन्य सामग्रीहरुको विक्री वितरण र बालबालिकाको प्रयोगलाई मौजुदा कानुन र निश्चित आचारसंहिताका आधारमा नियन्त्रण र नियमन गर्ने वातावरण बनाउने | जि.स.स. | रोल्पा न.पा. | ५०० | वडा कार्यालय |
| | बालकोषको स्थापना र संचालन | न.पा.कार्यालय | बालबालिका सम्बन्धी ऐन,२०७५ बमोजिम बालकोषको व्यबस्था, जोखिम अवस्थाका बालबालिकाको उद्धार एवं सहयोग गर्ने । | जि.स.स. | नगर कार्यपालिका | १००० | नगरपालिका/वडा कार्यालय/सेभ द चिल्ड्रेन |

**उद्देश्य नं. ७. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालन भएका हुनेछन् ।**

| रणनीति | मुख्य मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भूमिका | समन्वय | अनुगमन तथा मूल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **परिवार र समुदायको परिचालन** | नगर र वडास्तरमा छुट्टाछुट्टै बालविवाह रोकथाम समन्वय समिति गठन, अभिमुखीकरण र परिचालन | न.पा.कार्यालय/वडा कार्यालय | समिति गठन र परिचालन सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्ने (सबै वडाको प्रतिनिधित्व हुने गरी नगर स्तरमा र वडास्तरमा छुट्टै । | जि.स.स./युएनए फपिए | नगर कार्यपालिका/ वडा कार्यपालिका | १००० | वडा कार्यालय/ नगरपालिका |
| | घटना दर्ता, सुचना संकलन र अभिलेखीकरणका लागि सूचना अधिकारीको ब्यबस्था | वडा कार्यालय/नगरपालिका कार्यालय | सुचना र तथ्यांक ब्यबस्थापनका लागि सूचना अधिकारी तोक्ने | वडा कार्यालय | नगरकार्यपालिका | ५०० | वडा कार्यालय |
| | विद्यालय तहमा बालसंरक्षणका लागि समस्या एवं गुनासो सुनुवाई डेस्क गठन | शिक्षा,युवा तथा खेलकुद शाखा/विद्यालय | बालदुर्व्यबहरको सुनुवाई र लैङ्गिक सम्पर्क विन्दुलाई सक्रिय बनाउने । | हुरेक/सेभ द चिल्ड्रेन | वडा स्तरीय समन्वय समिति | ५०० | शिक्षा,युवा तथा खेलकुद शाखा |
| | युवा तथा किशोरकिशोरीहरुका लागि सूचना तथा परामर्श केन्द्र स्थापना | वडा कार्यालय | युवा तथा किशोरकिशोरीकाहरुको संजाल बनाई सामुदायिक विकासमा परिचालन गर्न सुचना तथा परामर्श केन्द्र संचालन गर्ने । | हुरेक/सेभ द चिल्ड्रेन/ युएनएफपिए | नगरस्तरीय कार्यदल | ५०० | नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |
| | किशोरकिशोरी सशक्तीकरण एवं लैङ्गिक हिंसा न्युनीकरणका लागि उत्प्रेरक/सामाजिक परिचालक तोक्ने, परिचालन गर्ने । | रोल्पा न.पा. कार्यालय | ब्यबहार परिवर्तन, एवं सामुदायिक परामर्श सेवाका लागि वडा तहमा उत्प्रेरक/सामाजिक परिचालक तोक्ने वा प्रोत्साहन भत्ताको ब्यबस्था गरी परिचालन गर्ने | नगरकार्यपालिका | नगरस्तरीय कार्यदल | १००० | नेपाल रेडक्रस सोसाइटी/ युएनएफपिए |
| | प्रत्येक टोल, बस्तीमा निगरानी समूह पहिचान र परिचालन | वडा कार्यालय/वडा समन्वय समिति | निगरानी समुहको काम, कर्तब्य र अधिकार तोकी क्रियाशील बनाउने | न.पा.कार्यालय | वडा स्तरीय समन्वय समिति | ५०० | वडा कार्यालय/ नेपाल रेडक्रस सोसाईटी/ युएनएफपिए |
| | किशोरकिशोरीसँग उप-मेयर कार्यक्रम संचालन | रोल्पा न.पा.कार्यालय | किशोरकिशोरीहरुको उत्प्रेरणा र सशक्तीकरणका लागि उप-मेयरसँग अन्तरक्रिया, छलफल | वडा कार्यालय | नगरकार्यपालिका | १००० | नगरपालिका |

**उद्देश्य नं. ८.** रोल्पा नगरपालिकाको बाल विवाह सम्बन्धी पञ्चवर्षिय रणनैतिक योजना (२०७५-२०८०) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ ।

| रणनीति | मुख्य मुख्य क्रियाकलापहरु | सरोकारवाला निकाय | सरोकारवाला निकायको भूमिका | समन्वय | अनुगमन तथा मूल्यांकन | अनुमानित बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **बालिका र किशोरीका लागि गुणस्तरीय शिक्षा** | ● आधारभुत सर्वेक्षण<br>● स्रोत नक्शा र प्रोफाईल निर्माण | नगरपालिका कार्यालय | अध्ययन सर्वेक्षण एवं प्राफाईल निर्माण समूह बनाई परिचालन गर्ने र प्राप्त सुचना, तथ्यांक र स्रोतको विश्लेषण गरी थप रणनिति निर्माण गर्ने । | वडा कार्यालय | नगरस्तरीय कार्यदल | ५०० | नेपाल रेडक्रस सोसाईटी/युएनएफपिए |
| | ● कार्यक्रमको आवधिक समीक्षा | नगरपालिका/वडा कार्यालय | सम्पन्न कार्यक्रमको वडा र नगर स्तरमा बार्षिक समिक्षा गरी कार्यक्रमको नितीगत पुनरावलोकन गर्ने । | वडा समन्वय समिति र नगर स्तरीय कार्यदल | नगरकार्यपालिका | १००० | वडा कार्यालय/युएनएफपिए |
| | ● अनुगमन एवं मुल्यांकनको व्यबस्था र बालविवाह मुक्त गाउँ, वडा घोषणा अभियान | नगरपालिका/वडा कार्यालय | समुदाय स्तरमा बालविवाहको प्रबृति, एकीकृत सहयोग एवं समन्वयात्मक कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गर्ने, निश्चित मापदण्ड, सुचक तोकी बालविवाह मुक्त समुदाय घोषणा गर्ने | विषयगत मन्त्रालय | नगरकार्यपालिका | ३००० | वडा कार्यालय/नगरपालिका/नेपाल रेडक्रस सोसाईटी/युएनएफपिए |

**कार्ययोजना**

उद्देश्य नं. १ वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुंचमा पुगी बालबालिका मैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् ।

| क.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री विद्यालय संचालन, व्यबस्थापन : तालिम, अभिमुखीकरण,भौतिक पूर्वाधार निर्माण | न.पा. | १००० | ✓ | ✓ | ✓ | ✓ | |
| २ | अभिभावक शिक्षा कार्यक्रम | वडा | ५०० | ✓ | ✓ | ✓ | | |
| ३ | शैक्षिक सहयोग र छात्रबृति | वडा | १००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | विद्यालय छोडेको बालबालिका र किशोरकिशोरीहरुको लागि बैकल्पिक शिक्षा | वडा | १००० | ✓ | ✓ | ✓ | | |
| ५ | प्राविधिक शिक्षामा छात्रबृति | न.पा. | ५००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | विद्यालय अन्तरक्रिया र सचेतना कार्यक्रम<br>● किशोरकिशोरी, शिक्षक र अभिभावक विच अन्तरपुस्ता संवाद, अन्तरक्रिया, छलफल,<br>● सचेतनामुलक अतिरिक्त क्रियाकलाप संचालन | वडा | १००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |

**उद्देश्य नं.** २. बि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् ।

| क.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण | न.पा. | २००० | ✓ | ✓ | ✓ | ✓ | |
| २ | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा<br>➢ विद्यालय र समुदाय तहका किशोरकिशोरी बीच बृहत यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको व्यवस्था<br>➢ किशोारकिशोरीलाई प्रजनन स्वास्थ्य तालिम<br>➢ मनोसामाजिक परामर्श सेवा स्वास्थ्य शिविर एवं प्रजनन स्वास्थ्य प्रदर्शनी | वडा/न.पा. | ५००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३ | सुरक्षित मातृत्व र बालस्वास्थ्य सेवा | वडा | ५००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | किशोरीहरुका लागि महिनावारीको सरसफाई र छात्रामैत्री शौचालयको व्यबस्था | वडा | ५००० | ✓ | ✓ | ✓ | | |
| | | | | | | | | |

**उद्देश्य नं. ३.** वि.सं. २०८० सम्ममा बाल विवाह अन्त्य गर्नको लागि रोल्पा नगरपालिका किशोरकिशोरी, अविभावक, सेवा प्रदायक, समुदायिक संयन्त्रको क्षमता विकास भई परिचालित भएका हुने छन् ।

| क्र.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय एवं समुदाय तहमा किशोरी बृत्त र बालक्लव गठन, परिचालन | वडा | ५०० | ✓ | ✓ | | | |
| २ | बालक्लव र किशोरी समूहको नेतृत्व तथा क्षमता विकास | वडा | १००० | ✓ | ✓ | ✓ | | |
| ३ | अभिभावक भेला तथा परामर्श कार्यक्रम | वडा | ५०० | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | समुदायमा आधारित संघसंस्था, विद्यालय शिक्षक, किशोरकिशोरी र सरोकारवाला निकायहरुको सामूहिक प्रतिवद्धता र आचारसंहिता निर्माण गरी लागु गर्ने । | वडा | ५०० | ✓ | ✓ | | | |
| ५ | किशोरकिशोरीका लागि जीवनोपयोगी शीप विकास(साथी शिक्षा, रुपान्तरण कक्षा) कार्यक्रम | वडा | १००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | उत्कृष्ट बालक्लव, किशोरी तथा आमा समुहलाई सम्मान एवं पुरस्कार प्रदान | वडा/न.पा. | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | टोल एवं बस्ती स्तरमा लैङ्गिक हिंसा र बालविवाह रोकथामका लागि घरदैलो/घुम्ती अभियान | वडा | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | युवा तथा किशोरकिशोरी मनोपरामर्श अभिमुखीकरण | वडा/न.पा. | १००० | | ✓ | ✓ | ✓ | |
| ९ | अभिभावक विहिन बालाबालिका र किशोरकिशोरीको बैकल्पिक स्याहारको व्यवस्थापन | वडा | १००० | ✓ | ✓ | ✓ | ✓ | |
| १० | व्यबहारिक सिकाई र अनुभव आदान प्रदानका लागि बालविवाह मुक्त भईसकेका वा प्रभावकारी कार्यक्रम लागुभएका क्षेत्र, स्थानिय तह वा जिल्लाको भ्रमण | न.पा. | | ✓ | | ✓ | ✓ | |
| ११ | नगर/वडा स्तरमा आमा तथा किशोरी सम्मेलन एवं बालभेला | वडा/न.पा. | २००० | | ✓ | | ✓ | |

**उद्देश्य नं. ४. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा सूचना र सञ्चारको विभिन्न माध्यममार्फत बाल विवाह अन्त्य सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार गरिएको हुनेछ ।**

| क.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | सूचना, शिक्षा तथा संचार सामाग्री निर्माण र परिचालन( स्टिकर, पोष्टर, पम्पलेट, चित्रकथा, रेडियो जिंगल,रेडियो नाटक श्रृंखला वा अन्य कार्यक्रम, डकुमेन्ट्री, होर्डिङ बोर्ड, फ्ल्यास प्रिन्ट, वाल पेन्टिङ) | न.पा. | १००० | ✓ | ✓ | ✓ | | |
| २ | किशोरी समूह र बालक्लवबाट भित्ते पत्रिका वा सूचना सामाग्री प्रकाशन | वडा | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३ | बालविवाह विरुद्ध पण्डित, पुरोहित,ज्योतिष,धामी,झाँक्री र कटवालहरुलाई परिचालन गर्ने | वडा | ५०० | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | लैङ्गिक हिंसा, बालविवाह सम्बन्धी सुचना ब्यबस्थापन प्रणाली (IMS) ब्यवस्थापन र सुदृढीकरण | वडा/न.पा. | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ |

**उद्देश्य नं. ५. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका न्यून आयस्रोत भएका अविभावकहरु तथा विद्यालय विमुख किशोर किशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आयआर्जनमूलक क्रियाकलापमा सहभागी भई बाल विवाह रोकिएको हुनेछ ।**

| क.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय विमुख किशोरकिशोरीहरुका लागि लघुउद्यमशिलता विकास तालिम-कुखुरापालन, सिलाईकटाई,वाईरिङ, फर्निचर निर्माण, तरकारी खेती, | वडा/न.पा. | १००० | ✓ | | ✓ | | |
| २ | विपन्न परिवारका अभिभावकलाई व्यवसायिक सीप विकास तालिम | वडा | १००० | | ✓ | ✓ | | |
| ३ | ब्यबसाय संचालनका लागि विद्यालय विमुख किशोरीहरुलाई बिउ पुँजी र आवश्यक सामग्री प्रदान | वडा | १००० | ✓ | | ✓ | | |

**उद्देश्य न. ६. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।**

| क.सं. | मुख्य क्रियाकलापहरु | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|
| १ | कानुनी सेचतना कार्यक्रम(विद्यालय, आमा समूह, बालक्लव,युवा क्लव, किशोरकिशोरी समूह, पण्डित/पुरोहित/धामी/झाँक्री/ ज्योतिष, अभिभावकहरु) | १००० | ✓ | ✓ | ✓ | | |
| २ | लैङ्गिक हिंसा एवं बालविवाह सम्बन्धी जनप्रतिनिधहरुलाई अभिमुखीकरण | | ✓ | ✓ | ✓ | | |
| ३ | बालविवाहबाट प्रभावित बालबालिकाहरुको उद्धार, कानुनी र मनोविमर्श सेवा | ५०० | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | मदिरा तथा सुर्तीजन्य पदार्थको अव्यवस्थित विक्री वितरण र बालबालिका माथिको प्रयोगमा नियमन गर्ने | ५०० | ✓ | ✓ | ✓ | | |
| ५ | बालकोषको स्थापना र संचालन | १००० | | ✓ | | | |

**उद्देश्य नं. ७. वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालन भएका हुनेछन् ।**

| क.सं. | मूख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर र वडा स्तरमा छुट्टाछुट्टै बालविवाह रोकथाम समन्वय समिति गठन, अभिमुखीकरण र परिचालन | वडा/न.पा. | १००० | ✓ | ✓ | | | |
| २ | घटना दर्ता, सूचना संकलन र अभिलेखीकरणका लागि सूचना अधिकारीको व्यवस्था | वडा/न.पा. | ५०० | ✓ | | | | |
| ३ | विद्यालय तहमा बालसंरक्षणका लागि समस्या एवं गुनासो सुनुवाई डेस्क गठन | वडा | ५०० | ✓ | ✓ | | | |
| ४ | युवा तथा किशोरकिशोरीहरुका लागि सूचना तथा परामर्श केन्द्र स्थापना | वडा/न.पा. | ५०० | ✓ | ✓ | | | |
| ५ | किशोरकिशोरी सशक्तीकरण एवं लैङ्गिक हिंसा न्यूनीकरणका लागि उत्प्रेरक/सामाजिक परिचालक तोक्ने, परिचालन गर्ने । | वडा/न.पा. | १००० | ✓ | ✓ | | | |
| ६ | प्रत्येक टोल, बस्तीमा निगरानी समूह पहिचान र परिचालन | वडा | ५०० | ✓ | ✓ | | | |
| ७ | किशोरकिशोरीसँग उप-मेयर कार्यक्रम संचालन | न.पा. | १००० | ✓ | ✓ | ✓ | ✓ | ✓ |

**उद्देश्य नं. ८.** रोल्पा नगरपालिकाको बाल विवाह सम्बन्धी पञ्च वर्षीय रणनैतिक योजना (२०७५-२०८०) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ ।

| क.सं. | मुख्य क्रियाकलापहरु | वडा तथा न.पा. | अनुमानित बजेट | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत सर्वेक्षण | न.पा. | ५०० | ✓ | | | | ✓ |
| २ | • कार्यक्रमको आवधिक समीक्षा | वडा/न.पा. | १००० | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | • अनुगमन एवं मूल्यांकनको व्यबस्था र बालविवाह मुक्त गाउँ, वडा घोषणा अभियान | वडा/न.पा. | ३००० | | ✓ | ✓ | ✓ | ✓ |

**संक्षिप्त बजेट सिट :**

| **क.सं.** | **क्रियाकलाप** | **अनुमानित बजेट रु.हजारमा** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **जम्मा** |
| १ | उद्देश्य नं.१ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | ५०० | ७०० | ५०० | ५०० | २३०० |
| २ | उद्देश्य नं.२ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | २०० | ४०० | ४०० | १०० | १२०० |
| ३ | उद्देश्य नं.३ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | ७०० | ७०० | ७०० | ३०० | २५०० |
| ४ | उद्देश्य नं.४ सँग सम्बन्धित क्रियाकलापहरु | ३०० | ३०० | २०० | १०० | १०० | १००० |
| ५ | उद्देश्य नं.५ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | ५०० | ५०० | ३०० | १०० | १५०० |
| ६ | उद्देश्य नं.६ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | ५०० | ३०० | २०० | १०० | १२०० |
| ७ | उद्देश्य नं.७ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | ७०० | ७०० | ७०० | १०० | २३०० |
| ८ | उद्देश्य नं.८ सँग सम्बन्धित क्रियाकलापहरु | १०० | २०० | १०० | १०० | ४०० | ९०० |
| | **जम्मा** | **१०००** | **३६००** | **३६००** | **३०००** | **१७००** | **१,२९००** |

## अपेक्षित नतिजा

- बालविवाह एवं छिटो विवाहको सवाललाई बहुक्षेत्रीय सरोकारको रुपमा पहिचान गरिनेछ र यो समस्या निराकरणका लागि नगरपालिका एवं वडा कार्यालयहरुबाट आफ्नो विकासका क्षेत्रगत नीति तथा कार्यक्रमहरुमा समावेश गरिनेछ ।
- बालविवाहले बालिका र किशोरीको स्वास्थ्य समस्या एवं उनीहरुको वृत्तिविकासमा नकारात्मक प्रभाव परी समग्र सामाजिक आर्थिक विकासको गतिमा अवरोध सृजना हुने विषयलाई आत्मसाथ गरी हरेक अभिभावक, गाउँ, समाज र नगरले यस्तो कुरीतिलाई रोक्न सामुदायिक पहल गर्नेछन् ।

- बालविवाहलाई रोक्न सबै टोल, बस्तीमा कानुनी सचेतनाको साथै त्यस्ता घटनाहरुको उजुरी व्यवस्थापन र कानुनी कारवाही प्रक्रियाबाट समाजमा यो कुसंस्कार निरुत्साहित भएको हुनेछ ।
- किशोरकिशोरी, अभिभावक, विद्यालय, संचारजगत एवं सरोकारवाला सरकारी, गैरसरकारी निकायहरुको समन्वय, सहकार्य र आवश्यक निगरानीबाट वि.सं. २०८० सम्म प्रत्येक वडा तह एवं समग्र रोल्पा नगरपालिका बालविवाह मुक्त घोषित भएको हुनेछ । ।

**बालविवाह विरुद्धका सरोकारवाला पक्षहरु :**

मानव विकास प्रक्रियामा अवरोध सिजना गर्ने भएकोले बालविवाह एक साझा सामाजिक समस्याको रुपमा रहेको छ । समुदाय, वडा एवं नगरपालिका तहमा रहेका सरोकारवालाहरु बीच आपसी समन्वय, सहकार्य र साझेदारीका माध्यमबाट मात्र बालविवाहलाई रोकथाम गर्न सकिन्छ । यहाँ बालविवाह रोकथाम कार्यमा सरोकारवाला पक्षहरुको पहिचान गरी निम्नानुसार आ-आफ्नो भूमिका उल्लेख गरिएको छ ।

- अभिभावक
- किशोर किशोरी समूह/युवा क्लव
- संचारजगत
- विद्यालय र शिक्षकहरु
- नेपाल प्रहरी
- महिला समूह/सहकारी
- गैर सरकारी संस्थाहरु
- दातृ निकाय
- नेपाल रेडक्रस सोसाईटी
- स्वास्थ्य संस्था
- सरकारी निकाय
- बाल क्लब
- अन्तर पार्टी महिला संजाल
- आमा समूह
- बैंक तथा वित्तीय संस्था
- रोल्पा उद्योग वाणिज्य संघ/निर्माण व्यवसायी संघ
- यातायाता व्यवसायी संघ
- वडा स्तरीयसमन्वय समिति/नगर स्तरीय कार्यदल
- वडा कार्यालय/रोल्पा नगरपालिका

| क.स | सरोकारवाला निकायहरु | भूमिका |
|---|---|---|
| १ | अभिभावक | • आफ्ना छोराछोरीको उचित हेरचाह, संरक्षणको साथै मार्गदर्शन प्रदान गर्ने ।<br>• बालबालिकाहरुको साथी समूह बीचको क्रियाकलापहरुको निगरानी गरी उनीहरुको इच्छा, चाहना र आवश्यकतालाई पूरा गर्न सहयोग गर्ने ।<br>• परिवार र समुदायमा उमेर नपुगी हुने विवाहलाई रोक्न प्रतिबद्ध रहने । |
| २ | किशोर किशोरी समूह/युवा क्लव | • समाजमा लैङ्गिक विभेद विरुद्ध संगठित आवाज उठाउने, बालविवाहका घटना भएको जानकारी पाएमा किशोरकिशोरी समूह र युवा क्लव मार्फत सम्बन्धित निकायमा जानकारी गराई कानुनी कारवाही प्रक्रिया अगाडि बढाउन दबाब दिने ।<br>• आफ्नो समूहमा उमेर नपुगी विवाह नगर्ने, नगराउने प्रतिबद्धता संकलन गरी **विहावारी : २० वर्ष पारी** अभियान संचालन गर्ने । |
| ३ | संचारजगत | • बालविवाहबाट बालबालिका, परिवार र समाजमा पर्ने नकारात्मक असर, कानुनी प्रावधानहरुलाई आम नागरिकहरुमा सूचना, संचार संप्रेषण गर्ने एवं रेडियो नाटक, जिंगल, बहस कार्यक्रम निर्माण गरी प्रसारण गर्ने । |
| ४ | विद्यालय र शिक्षकहरु | • बालविवाह रोकथाम सम्बन्धी किशोर किशोरी र अभिभावक बीच अन्तरसंवाद गरी साझा प्रतिवद्धता निर्माण गर्ने ।<br>• बालविवाहका प्रमुख कारण र असरबारे विद्यार्थी माझ नियमित छलफल गरी उनीहरुको ज्ञान, धारणा, अभिबृद्धि र व्यबहार रुपान्तरण गर्न सहयोग गर्ने । |
| ५ | नेपाल प्रहरी | • प्रहरी चौकीहरु मार्फत वडा स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन,<br>• प्रहरी कार्यालयले बाल विवाहका मुद्दालाई प्राथमिकताका साथ दर्ता गरी अनुसन्धान र अभियोजन प्रक्रियालाई सक्रियतापूर्वक बढाउने । |
| ६ | महिला सहकारी | • समुदाय तहमा किशोरी समूहहरुको क्षमता एवं जीवनोपयोगी सीप विकासमा सहयोग पुऱ्याउने । |
| ७ | गैरसरकारी संघसंस्थाहरु | • बालविवाहको जोखिम समुदाय र क्षेत्रमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।<br>• वडास्तरमा बाल विवाह न्युनीकरण कार्यक्रम तथा योजना निर्माण र कार्यान्वयन प्रक्रियामा सहयोग गर्ने, बाल क्लव तथा समुदाय तहका सरोकारवालाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने । स्रोतको खोजी गरी वडा कार्यालय र नगरपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने । |
| ८ | दातृ निकाय | • बालअधिकार संरक्षण, किशोरकिशोरीहरुको जीवनोपयोगी सिप विकास, युवा उद्यमशीलता र लैङ्गिक समानताको क्षेत्रमा आवश्यक श्रोतको व्यवस्था गरी सहयोग पुऱ्याउने ।<br>• लैङ्गिक हिंसा, बालविवाह लगायतका विषयमा अध्ययन, अनुसन्धान गर्न सहयोग पुऱ्याउने । |
| ९ | नेपाल रेडक्रस सोसाईटी | • आफ्नो नगर स्तरका संरचनाहरु (उप-शाखा,युवा रेक्रस सर्कल/जुनियर रेडक्रस सर्कल) लाई बालविवाह विरुद्धको अभियानमा परिचालन गर्ने ।<br>• रणनीतिक योजना कार्यान्वयनमा आवश्यक परामर्श, समन्वय र सहकार्य गर्ने । |
| १० | स्वास्थ्य संस्था | • किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• सुरक्षित मातृत्व, लैङ्गिक हिंसा, बालविवाहको अवस्था निगरानी गर्न आमा समूह र स्वास्थ्य स्वयंसेविकालाई क्रियाशील बनाउने । |
| ११ | सरकारी निकाय | • बालविवाह अन्त्यको लागि नगर स्तरीय रणनीतिक योजनाले औंल्याएका लक्ष्य, उद्देश्य र क्रियाकलापहरुलाई आफ्नो वार्षिक योजना तथा कार्यक्रममा एकीकृत गरी कार्यान्यन गर्ने एवं अन्तरनिकाय समन्वय र साझेदारी बढाई लैङ्गिक मूलप्रवाहीकरणलाई जोड दिने । |
| १२ | बाल क्लब | • बाल क्लवमा आवद्ध बालबालिकाहरु बालविवाहमा संलग्न नहुने<br>• बाल बिवाह बिरुद्ध अभियान संचालनका लागि आचारसंहिता निर्माण<br>• गाँउ तथा वडा स्तरमा बाल विवाह बिरुद्ध अभियान संचालन तथा परामर्श<br>• बाल विवाह हुन लागेको वा भएकोमा निगरानी गर्ने एवं वडा कार्यालय र प्रहरी कार्यलयमा सूचना तथा जानकारी दिने |
| १३ | अन्तर पार्टी महिला संजाल | • बालविवाह र लैङ्गिक हिंसा जस्ता सामाजिक समस्यालाई सामाजिक एवं राजनैतिक क्षेत्रमा साझा सवालको रुपमा स्थापित गर्न आ-आफ्नो क्षेत्रबाट पहल र पैरवी गर्ने । |

| क्र.स | सरोकारवाला निकायहरु | भूमिका |
|---|---|---|
| १४ | आमा समूह | • आफ्नो टोल, समुदायमा बालविवाह हुन नदिन सामूहिक छलफल एवं घरदैलो कार्यक्रम गर्ने ।<br>• बालविवाहको जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र समाजका अरु सदस्यहरुलाई पनि त्यस्ते नगर्न प्रोत्साहन गर्ने ।<br>• किशोरीहरु दुलही होइनन् भन्ने मान्यतालाई आत्मसाथ गरी प्रजनन स्वास्थ्य सुधारमा स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने । |
| १५ | बैंक तथा वित्तिय संस्था | • सूचना, शिक्षा र संचार सामग्री निर्माणमा सहयोग गर्ने ।<br>• आफ्नो कार्यालय हातामा समेत बालविवाह विरुद्धका सन्देशहरु राख्ने । |
| १६ | उद्योग, बाणिज्य संघ/निर्माण ब्यबसायी संघ | • आफ्नो ब्यबसायिक क्षेत्रमा बालविवाह विरुद्ध सन्देशमूलक सामग्री राख्ने र प्रचार सामग्री प्रकाशनमा सहयोग गर्ने । |
| १७ | यातायात व्यवसायी संघ | • आफ्नो यातायातको साधनमा बालविवाह विरुद्धका सन्देशमूलक सामग्री टाँस्ने वा लेख्ने र प्रचार सामग्रीका लागि थप सहयोग गर्ने । |
| १८ | वडा स्तरीय समन्वय समति/नगरस्तरीय कार्यदल | • रणनीतिक योजना कार्यान्वयनको आवधिक समीक्षा गर्ने ।<br>• सरोकारवाला निकायहरुको समन्वय र साझेदारी बढाउने र समग्र कार्यक्रमको अनुगमन र मूल्यांकनको आधारमा पृष्ठपोषण लिई रणनीतिक योजनालाई अद्यावधि गरी कार्यान्वयन गर्न सहयोग पुऱ्याउने । |
| १९ | वडा कार्यालय/ रोल्पा नगरपालिका | • रणनीतिक योजनामा समेटेका बालविवाह विरुद्धका कार्यक्रमहरुलाई बार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी लागु गर्ने ।<br>• किशोरकिशोरीहरुको नेतृत्व विकास एवं जीवनोपयोगी सिप विकासमा टेवा पुऱ्याउने ।<br>• रणनीतिक योजनाको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्ने । |

## योजना कार्यान्वयन, समन्वय, अनुगमन र मूल्यांकन

### क. योजना कार्यान्वयन व्यवस्था :

यस रणनीति अर्न्तगतका योजना नगरपालिकास्थित आधारभूत सेवा प्रदान गर्ने सबै निकायहरुले रोल्पा नगरपालिकाको अद्यावधिक योजनासँग समन्वय गरी कार्यान्वयन गरिने छ ।

### ख. कार्यान्वयन समन्वय व्यवस्था :

यस योजनाको समन्वय रोल्पा नगरपालिकाको अगुवाईमा सरोकारवाला आधारभूत सेवा प्रदायक निकाय र गैरसरकारी संघ,संस्थासँग प्रत्यक्ष सहकार्य गरी कार्यान्वयन गरिने छ ।

### ग. अनुगमन र मूल्यांकन :

अनुगमन र मूल्यांकन योजना तथा कार्यान्वयनको अभिन्न अंग हो । अनुगमनबाट नियोजित कार्यहरुको प्रगति वा स्थिति जानकारी हुन्छ । यसले कार्यक्रम कार्यान्वयन गर्ने संस्थालाई लक्षित कार्य पूरा गर्नको लागि लगानी, प्रक्रिया, प्रतिफल र नतीजा कसरी प्रभावकारी बनाउने भन्नेबारे दिशानिर्देश गर्दछ ।

मूल्यांकनबाट चलिरहेको वा सम्पन्न भएको योजना वा कार्यक्रमको उद्देश्य अनुसार प्रगति वा असर भए नभएको जानकारी हुनुका साथै कार्यक्रमको उद्देश्य, कार्यान्वयन, नतीजा, कार्यक्रमको उद्देश्यको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता र दीगोपनाबारे जानकारी हुन्छ ।

सामान्यतया वार्षिक वा आवधिक योजना तथा कार्यक्रमको दस्तावेज वा कार्ययोजनाको आधारमा परिलक्षित कार्यहरु सम्पादन भए नभएको थाहा पाउन र उद्देश्य पूरा गर्नको लागि के, कस्ता, कति, कहिले र कसरी थप सुधार वा प्रयास गर्नु पर्दछ भन्ने जानकारीका लागि अनुगमन तथा मूल्यांकन

गरिन्छ । लगानी (Inputs), प्रक्रिया, प्रतिफल, असर र प्रभावको अनुगमन तथा मूल्यांकन गर्नको लागि सोही अनुसारका सूचकहरु विकास गर्नु पर्ने हुन्छ ।

**अनुगमन तथा मूल्यांकनका लागि लिइने आधारहरु :**

यो रणनीतिक योजना (कार्ययोजना, लजिकल फ्रेमवर्क, सूचक, विविध तथ्याङ्क एवं फारमहरु नै अनुगमन र मूल्यांकनका लागि प्रमुख दस्तावेज वा आधार हुनेछन् । साझेदार संस्था वा निकायहरुको वार्षिक तथा आवधिक (परियोजना वा कार्यक्रम) कार्ययोजनासमेत मूल्यांकनका सहयोगी आधार हुने

**कार्ययोजनाको अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था र प्रक्रिया :**

- निश्चित कार्यक्रम, परियोजना वा आयोजनाको लगानी (Inputs), प्रक्रिया र प्रतिफलको अनुगमन सम्बन्धित संस्था वा निकायबाट नै गरिनेछ । तथापि, यो कार्ययोजनामा उल्लेख भए अनुसारका कार्यक्रम, स्रोतसाधन संचालन तथा व्यवस्थापनको मुख्य सवालहरुमा रोल्पा नगरपालिकाले अनुगमन तथा मूल्यांकन कार्यमा नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।
- यस नगरपालिकाबाट तर्जुमा भएको रणनीतिक योजनामा उल्लेख भएका कार्यहरु सञ्चालन गर्ने साझेदार निकायहरुको मुख्य कार्यक्रम, क्रियाकलाप र स्रोतसाधन के के छन् ? कार्यक्रम कार्यान्वयन प्रक्रिया एवम् समन्वय के कस्तो छ ? कति वडा वा लक्षित समुदाय वा जनसंख्या समावेश गरेको छ ? के कस्ता प्रतिफल आइरहेका छन् ? भन्नेबारेमा पनि अनुगमनका कार्यहरु केन्द्रित हुनेछन् ।
- रोल्पा नगरपालिकाबाट स्रोत नक्सा र प्रोफाइल तयार गरी अभिलेख अद्यावधि र समन्वयको लागि प्रयोग गरिनेछ ।
- आर्थिक वर्ष भरीमा कम्तीमा २ पटक अनुगमन वा प्रगति समीक्षा गर्ने व्यवस्था गरिनेछ ।
- आर्थिक वर्षको सुरुको छलफलमा वार्षिक कार्यक्रम, लगानी ९क्ष्लउगतक० र प्रक्रियाको सवालमा बढी केन्द्रित हुनेछ भने वर्षको अन्त्यमा प्रतिफलबारे ध्यान केन्द्रित गरिनेछ ।
- यो रणनीतिक योजना अनुसारको अनुगमनको नतिजा वा जानकारी नगरपालिकाको समीक्षा गोष्ठीमा स्पष्ट राखिने व्यवस्था हुनेछ ।
- अनुगमन तथा समीक्षाबाट देखिएका कार्यान्वयन र समन्वयका समस्याहरु एवं सफलताका अनुभवहरु सम्बन्धित साझेदारहरु बीच छलफल गरिनेछन् र अझ राम्रो र चाँडो नतिजा ल्याउने समुदायलाई प्रभावकारी सेवा प्रवाह गर्नको लागि आवश्यक प्रयास गरिनेछ ।
- अनुगमन र मूल्यांकनको सिलसिलामा आवश्यक पर्ने सूचना वा तथ्यांक संकलनका लागि सम्बद्ध संस्थाहरुको नियमित सूचना व्यवस्थापन पद्धति, अभिलेख, प्रगति प्रतिवेदन जस्ता स्रोतहरुका साथै नगरस्तरीय अध्ययन, अनुगमन समेत सञ्चालन गर्न सकिनेछ ।

**योजना, अनुगमन तथा मूल्यांकन तालिका :**

| आधार | प्रक्रिया | सूचनाको स्रोत | प्रतिवेदन तयारी र संप्रेषण |
|---|---|---|---|
| • रणनीतिक योजना (लजिकल फ्रेमवर्क)<br><br>• विषयगत उपक्षेत्रको कार्ययोजना<br><br>• कार्ययोजना कार्यान्वयनका साझेदार संस्था वा निकायहरुको बार्षिक तथा आवधिक (परियोजना ) कार्ययोजना<br><br>• नगरको स्रोत नक्सा र प्रोफायल | • नगरपालिकाले आर्थिक वर्षको सुरु हुनु अगावै सबै सरोकारवाला निकायहरुसँग  वार्षिक कार्यक्रम छलफल गर्नेछ ।<br><br>• अर्ध बार्षिक तथा बार्षिक समीक्षा संयुक्त रुपमा गरिनेछ । उक्त समीक्षाको सुझावहरु सम्बन्धित संस्थाले कार्यक्रम वा नतिजा सुधारका लागि उपयोग  गर्नेछ ।<br><br>• अनुगमन तथा मूल्यांकन प्रक्रियाको क्रममा आवश्यक अध्ययन, अनुसन्धानको व्यवस्था गरिनेछ । | • सूचना व्यवस्थापन प्रणाली,<br><br>• संस्थाको अभिलेख र प्रगति विवरण,<br><br>• आन्तरिक अनुगमन प्रतिवेदन,<br><br>• अध्ययन प्रतिवेदन,<br><br>• मध्यावधि मुल्यांकन प्रतिवेदन,<br><br>• आयोजना सम्पन्न सर्भे, आदि | • नगर स्तरको नतीजामूलक परिलक्ष्य, प्रतिफलमूलक र लगानीका सुचकहरुको अनुगमनको आधारमा नगरपालिकाको कार्यालयले अनुगमन प्रतिवेदन तयार गर्नेछ । यस कार्यमा दातृ संस्थाहरुको सहयोग समेत परिचालन गरिनेछ ।<br><br>• कार्यक्रम प्रतिवेदन वा नतीजाहरु सबै सरोकारवाला निकायहरुबीच प्रस्तुत वा संप्रेषण गरिनेछ ।<br><br>• विभिन्न क्षेत्रका सम्बन्धित सरोकारवालाहरुका लागि अनुगमन तथा मुल्यांकन प्रतिवेदनको आधारमा पृष्ठपोषण प्याकेज तयार गरी संप्रेषण गरिनेछ । |

*नोट : अनुगमन र मूल्यांकन प्रतिवेदन वा सुझावको आधारमा संचालित कार्यक्रमको सुधार र आवश्यक रुपमा संशोधन गर्न सकिनेछ ।*

**स्रोत व्यवस्थापन**

- नेपाल सरकारको स्रोत
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- संघीय तहका सरकारी निकायहरु
- अन्तर्राष्टिय गैर सरकारी निकायहरु (युएनएफपिए, सेभ द चिल्ड्रेन)
- गैर सरकारी संस्थाहरु
- जिल्ला समन्वय समिति, रोल्पा
- जिल्ला स्वास्थ्य समन्वय इकाई, रोल्पा
- जिल्ला शिक्षा समन्वय इकाई, रोल्पा
- सामुदायिक वन उपभोक्ता महासंघ, रोल्पा
- अन्य सरोकारवाला निकायहरु
- रोल्पा उद्योग वाणिज्य संघ
- निर्माण व्यवसायी संघ, रोल्पा
- बैंक तथा वित्तीय संस्थाहरु
- नेपाल रेडक्रस सोसाइटी
- नगरका विभिन्न प्रकारले प्राप्त हुने आन्तरिक स्रोतहरु

# अध्याय- तीन

## ३.१. लजिकल फ्रेमवर्क वा सोंच तालिका

रोल्पा नगरपालिकाभित्र बालविवाहको स्थितिमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न र सेवा प्रवाहमा जनताले अनुभूति गर्ने गरी सुधार ल्याउन सम्बद्ध सबै निकायहरुको संयुक्त प्रयासमा एउटा साझा रणनीति तथा कार्ययोजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले यो रणनीतिक अवधारणा तथा कार्य योजना तयार गरिएको छ । आउँदो पाँच वर्षमा बालविवाह अन्त्य गर्न प्राथमिकताका सवालहरु पहिचान गरी रणनीति तथा कार्ययोजना तयार गरिएको छ । योजना प्रक्रियाको अभिन्न अङ्गको रुपमा यहाँ सोंच तालिका वा लजिकल फ्रेमवर्कलाई लिइएको छ । यसले रणनीतिक योजनाका लक्ष्यहरु, उद्देश्यहरु, प्रतिफलहरु तथा तिनीहरुको बीचको अन्तर(सम्बन्धलाई पहिचान गर्न सहयोग पुऱ्याउँछ ।

### लजिकल फ्रेमवर्क वा सोच तालिका

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| **लक्ष्यः** (IMPACT)<br>"वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बालविवाहको अन्त्य गरी बालबालिकाको अधिकारको प्रत्याभूति गराउने ।" | • बालविवाह मुक्त नगरपालिका घोषणा भएको हुनेछ ।<br>• आधारभूत तहमा विद्यार्थीहरुको टिकाउदर शतप्रतिशत भएको हुनेछ ।<br>• २० वर्ष मुनिको गर्भ जाँचको दर शून्यमा झरेको हुनेछ । | • नगर र वडा परिषदको निर्णय<br>• शिक्षा,युवा तथा खेलकुद शाखाको फ्ल्यास रिर्पोट<br>• जनस्वास्थ्य शाखाको प्रगति प्रतिवेदन ।<br>• संयुक्त अध्ययन, अनुगमन प्रतिवेदन र नगरपालिकाको बालबालिकाको स्थिति प्रतिवेदन । | • भौतिक पूर्वाधार निर्माणमा बढी स्रोत विनियोजन |
| **उद्देश्य नं. १.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुँचमा पुगी बालबालिका मैत्री गुणस्तरीय शिक्षा पाईरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् । | • बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,२०६७ को मापदण्ड पूरा गरेका सबै विद्यालय भएका हुनेछन्<br>• सबै तहमा खुद भर्नादर १०० प्रतिशतको हाराहारीमा भएको हुनेछ । | • शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिवेदन | बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन |
| **नतिजा १.१ः माध्यमिक तहसम्म सबै बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय शिक्षामा सहज पहुँच पुगेको हुनेछ ।** | • दण्डरहित शिक्षण सिकाई र छात्रा एवं अपाङ्गमैत्री विद्यालय भएको<br>• छात्रामैत्री शौचालयको व्यवस्था भएको<br>• छात्रा एवं सिमान्तकृत परिवारका बालबालिकाहरुका लागि छात्रबृतिको व्यवस्था<br>• शैक्षिक उपलब्धि दर शत प्रतिशतको हाराहारीमा रहेको । | • शिक्षा,युवा तथा खेलकुद शाखाको वार्षिक प्रतिवेदन | |
| **नतिजा १.२ः प्राविधिक, व्यवसायिक र वैकिल्पिक शिक्षामा किशोरकिशोरीको पहुँचमा अभिबृद्धि भएको हुनेछ ।** | • प्राविधिक शिक्षा र व्यवसायिक सीप हासिल गर्न किशोरकिशोरी संलग्न भएका हुने ।<br>• वैकल्पिक शिक्षा हासिल गरी किशोरकिशोरीहरु पुनः विद्यालय भर्ना भएको हुने | • अनुगमन प्रतिवेदन,<br>• वार्षिक प्रगति प्रतिवेदन । | |

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| **क्रियाकलापहरु :**<br>• बालमैत्री विद्यालय संचालन, व्यवस्थापन : तालिम, अभिमुखीकरण,भौतिक पूर्वाधार निर्माण<br>• अभिभावक शिक्षा कार्यक्रम(प्रत्येक वडा/विद्यालय सेवा क्षेत्र)<br>• शैक्षिक सहयोग र छात्रबृत्ति<br>• विद्यालय छोडेको बालबालिका र किशोरकिशोरीहरुको लागि अनौपचारिक शिक्षा<br>• प्राविधिक शिक्षामा छात्रबृति<br>• विद्यालय छोडेका बालबालिका र किशोरीहरुका लागि बैकल्पिक शिक्षा<br>• विद्यालय अन्तरक्रिया र सचेतना कार्यक्रम, सेचतनामूलक अतिरिक्त क्रियाकलाप | | | |
| **उद्देश्य नं. २.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोर किशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जिवनयापन गरिरहेका हुनेछन् । | • | • नगर र वडा परिषदको निर्णय<br>• शिक्षा,युवा तथा खेलकुद शाखाको फ्ल्यास रिर्पोट | |
| नतिजा २.१:बालबालिका र तिनका परिवारको सशक्तिकरण मार्फत प्रत्येक बालबालिकाको सुरक्षित जन्म, स्तनपान, खोप, हेरचाहको साथ पोषण र स्वास्थ्य स्थितिमा सुधार भएको हुनेछ । | • स्वास्थ्य संस्थामा शिशु जन्मिने दर कम्तीमा ९० प्रतिशत तथा विद्यालय भर्नादर शतप्रतिशत र पूर्ण खोपयुक्त नगर र वडा भएको ।<br>• ५ वर्ष मुनिका बालबालिकाको कुपोषणको दर शून्य भएको । | • स्वास्थ्य समन्वय इकाईको प्रतिवेदन | |
| नतिजा २.२: परिवार, समुदाय र सार्वजनिक कार्य स्थलमा किशोरकिशोरीहरुले यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी खुलेर आफ्नो कुरा राख्न सक्नेछन् र आफ्नो समस्या समाधान गर्न सक्षम हुनेछन् । | • प्रत्येक स्वास्थ्य संस्थामा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा संचालन भएको<br>• परिवार नियोजनका साधनहरुको सहज पहुँचको सुनिश्चितता गरिएको ।<br>• १५ देखि १९ वर्षका किशोरकिशोरीमा एच.आई.भी/एड्स सम्बन्धी विस्तृत ज्ञान भएको हुनेछ । | • अनुगमन प्रतिवेदन,<br>• स्वास्थ्य समन्वय इकाईको वार्षिक प्रतिवेदन । | |
| **क्रियाकलापहरु :**<br>• आधारभूत स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण,<br>• किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा:<br>➢ विद्यालय र समुदाय तहका किशोरकिशोरी बीच बृहत यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको व्यवस्था<br>➢ किशोारकिशोरीलाई प्रजनन स्वास्थ्य तालिम<br>➢ मनोसामाजिक परामर्श सेवा<br>• स्वास्थ्य शिविर एवं प्रजनन स्वास्थ्य प्रदर्शनी<br>• सुरक्षित मातृत्व र बालस्वास्थ्य सेवा<br>• किशोरीहरुका लागि महिनावारीको सरसफाई र छात्रामैत्री शौचालयको व्यवस्था | • | | |

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| **उद्देश्य नं. ३.** वि.सं. २०८० सम्ममा बाल विवाह अन्त्य गर्नको लागि रोल्पा नगरपालिकाका किशोर किशोरी, अविभावक, सेवा प्रदायक, समुदायिक संयन्त्रको क्षमता विकास भई परिचालित भएका हुनेछन् । | • सेवा प्रदायक र सामुदायिक संयन्त्रहरुले बालबालिका र किशोरकिशोरीका सवालमा आवश्यक नीति, योजना तर्जुमा गरी लागू गरेका हुनेछन् र उनीहरुसँग वार्षिक रुपमा कम्तीमा २ पटक परामर्श, छलफल कार्यक्रम संचालन गरेका हुनेछन् । | • विषयगत निकायहरुको वार्षिक प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन | |
| **नतिजा ३.१ आफू र आफ्नो समुदायको विकासका साथै बालविवाह अन्त्य गर्न बालक्लव र किशोरी समूह लगायत अन्य सामुदायिक संयन्त्रहरु क्रियाशील भएका हुनेछन् ।** | • सबै वडा र टोल स्तरमा बालक्लव/बालसंजाल र किशोरी समूह गठन भएको ।<br>• सामुदायिक संस्थाहरुको क्षमता अभिबृद्धि भई बालविवाह लगायत लैङ्गिक हिंसाका घटनामा शून्य सहनशिलताको मान्यता लागू गरिएको | • बालबालिकाको अवस्था प्रतिवेदन | |
| **नतिजा ३.२ : बालविवाह अन्त्यका लागि वडा र नगर स्तरमा बहुसरोकारका निकाय बीच समन्वय र साझेदारी अभिबृद्धि भएको हुनेछ ।** | • सरकारी, गैरसरकारी निकाय र सामुदायिक संयन्त्र बीच अन्तरनिकाय समन्वय र साझेदारीका माध्यमबाट लक्षित वर्गको उत्थान र विकासमा सहयोग पुगेको हुनेछ । | | |
| **नतिजा ३.३ हानिकारक सामाजिक परम्परा एवं विभेदपूर्ण व्यवहारहरु न्यूनीकरण हुने ।** | • बालविवाह अन्त्यका लागि सामाजिक व्यवहार सुधार एवं नागरिक दायित्व सम्बन्धी आचारसंहिता लागू भई परिपालना भएको ।<br>• किशोरकिशोरीसँग सम्बन्धित लैङ्गिक हिंसाका घटनाहरुको उजुरी र कारवाहीको प्रक्रिया लागू भएको । | | |
| क्रियाकलापहरु :<br>• विद्यालय एवं समुदाय तहमा किशोरी बृत्त र बालक्लव गठन, परिचालन<br>• बालक्लव र किशोरी समूहको नेतृत्व तथा क्षमता विकास<br>• अभिभावक भेला तथा परामर्श कार्यक्रम<br>• समुदायमा आधारित संघसंस्था, विद्यालय शिक्षक, किशोरकिशोरी र सरोकारवाला निकायहरुको सामूहिक प्रतिबद्धता र आचारसंहिता निर्माण गरी लागू गर्ने ।<br>• किशोरकिशोरीका लागि जीवनोपयोगी सीप विकास(साथी शिक्षा, रुपान्तरण कक्षा) कार्यक्रम<br>• उत्कृष्ट बालक्लव, किशोरी तथा आमा समूहलाई सम्मान एवं पुरस्कार प्रदान<br>• टोल एवं बस्ती स्तरमा लैङ्गिक हिंसा र बालविवाह रोकथामका लागि घरदैलो/घुम्ती अभियान<br>• युवा तथा किशोरकिशोरी मनोपरामर्श अभिमुखीकरण<br>• अभिभावकविहीन बालाबालिका र किशोरकिशोरीको बैकल्पिक स्याहारको व्यवस्थापन<br>• नगर/वडा स्तरमा आमा तथा किशोरी सम्मेलन र बालभेला | | | |

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| **उद्देश्य नं. ४.** विसं. २०८० सम्ममा रोल्पा नगरपालिकामा सूचना र सञ्चारका विभिन्न माध्यम मार्फत बाल विवाह अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम एवं प्रचार प्रसार गरिएको हुनेछ। | • कम्तीमा दैनिक सन्देशमूलक जिंगल प्रसारण र साप्ताहिक वा पाक्षिक रेडियो नाटक श्रृंखला कार्यक्रम संचालन भएको<br>• कम्तीमा ५ प्रकारका चेतनामूलक पोष्टर, पम्फलेटहरु र स्टिकरहरु र अन्य चित्रकथाका पुस्तिकाहरु प्रकाशन र वितरण गरिएको।<br>• कानुनी प्रावधान सहित सन्देशमूलक ५० भन्दा बढी होर्डिङ बोर्ड र फ्ल्यास प्रिन्ट व्यवस्थापन गरिएको। | | |
| **नतिजा ४.१ : सूचना, शिक्षा र र संचार माध्यमबाट बालविवाहले पार्ने असर र विवाहको कानुनी उमेरका बारेमा नागरिकहरु सुसूचित भई बालविवाह निषेध गर्न प्रोत्साहित हुनेछन्।** | • नागरिकहरु सचेत र संवेदशील भई बालविवाहलाई रोक्ने र सम्बन्धित निकायमा जानकारी वा उजुरी दिएको अवस्था सृजना भएको। | | |
| **क्रियाकलापहरुः**<br>• सूचना, शिक्षा तथा संचार सामग्री निर्माण र परिचालन( स्टिकर, पोष्टर, पम्पलेट, चित्रकथा, रेडियो जिंगल,रेडियो नाटक श्रृंखला वा अन्य कार्यक्रम, डकुमेन्ट्री, होर्डिङ बोर्ड, फ्ल्यास प्रिन्ट, वाल पेन्टिङ)<br>➢ ३ वटै एफ.एम.रेडियोबाट सन्देशमूलक सामग्री, जिंगल, नाटक श्रृंखला प्रसारण<br>➢ व्यापक रुपमा सूचना सामग्रीसहित होर्डिङ बोर्ड, फ्ल्यास प्रिन्ट निर्माण, सार्वजनिक स्थलहरु(बसपार्क, टुंडिखेल,सरकारी कार्यालयहरुमा सन्देशमूलक सामग्रीहरुको भित्तेलेखन<br>➢ बालविवाह विरुद्धका सचेतनामूलक सामग्री एवं कानुनी प्रावधानहरुसहितका स्टिकर, पोष्टर, पम्फलेट र चित्रकथा प्रकाशन र वितरण<br>• किशोरी समूह र बाल क्लवबाट भित्ते पत्रिका वा सूचना सामग्री प्रकाशन<br>• बालविवाह विरुद्ध पण्डित, पुरोहित,ज्योतिष,धामी,झाँक्री र कटवालहरुलाई परिचालन गर्ने<br>• लैङ्गिक हिंसा, बालविवाह सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (IMS) व्यवस्थापन र सुदृढीकरण(नगर र वडा तहमा) | | | |
| **उद्देश्य नं. ५.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिका भित्रका न्यून आयस्रोत भएका अविभावकहरु तथा विद्यालय विमुख किशोर किशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आय आर्जनमूलक क्रियाकलापमा सहभागी भई बाल विवाह रोकिएको हुनेछ। | | | |
| • **नतिजा ५.१** अति विपन्न परिवारका अभिभावक र विद्यालय विमुख जोखिम अवस्थाका किशोरकिशोरीहरुको जिविकोपार्जनका लागि क्षमता अभिबृद्धि भएको हुनेछ। | • व्यावसायिक सीप विकास सम्बन्धी तालिम लिई लघु उद्यम गरिरहेका किशोर किशोरी र अभिभावकको संख्या | • तालिम प्रतिवेदन,<br>• विषयगत कार्यालयका प्रतिवेदनहरु | |

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| • **विद्यालय विमुख किशोरकिशोरी र विपन्न परिवारका अभिभावकको व्यावसायिक सीप विकास र जीविकोपार्जन कार्यमा सहज पहुँच भएको हुनेछ।** | • जीविकोपार्जनका लागि संचालित कार्यक्रमहरु<br>• जीविकोपार्जनका लागि तालिम प्राप्त किशोरकिशोर(१६-१९वर्ष) र विपन्न परिवारका अभिभावकहरुको संख्या | | |
| **क्रियाकलापहरु :**<br>• विद्यालय विमुख किशोरकिशोरीहरुका लागि लघुउद्यमशिलता विकास तालिम( कुखुरापालन,सिलाईकटाई,वाईरिङ,फर्निचर निर्माण, तरकारी खेती,<br>• विपन्न परिवारका अभिभावकलाई व्यावसायिक सीप विकास तालिम<br>• व्यवसाय संचालनका लागि विद्यालय विमुख किशोरीहरुलाई विउ पुँजी र आवश्यक सामग्री प्रदान | | | |
| **उद्देश्य नं. ६.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा बाल विवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ। | • विवाह सम्बन्धी विद्यमान कानुनी प्रावधानबारे नागरिक समुदायमा सचेतना बढेको। | | |
| • मौजुदा कानुनले तोकेको विवाह उमेर अगाडि भएको विवाहलाई बदर गर्न र आवश्यक कानुनी उपचारको खोजी गर्न सामुदायिक संयन्त्र लगायत सबै नागरिकहरु सक्षम हुनेछन्। | • समुदायमा बदर भएको र उजुरी प्रक्रियामा रहेको बालविवाह संख्या। | | |
| • बालविवाहको घटनाको उजुरी र सुनुवाईमा नागरिकहरुको सहज पहुँच भएको हुनेछ। | • उजुरी र मुद्दा दर्ता संख्या। | | |
| **क्रियालापहरु :**<br>• कानुनी सेचतना कार्यक्रम(विद्यालय, आमा समूह, बालक्लव,युवा क्लब, किशोरकिशोरी समूह, पण्डित/पुरोहित/धामी/झाँक्री/ ज्योतिष, अभिभावकहरु)<br>• लैङ्गिक हिंसा एवं बालविवाह सम्बन्धी जनप्रतिनिधहरुलाई अभिमुखीकरण<br>• बालविवाहबाट प्रभावित बालबालिकाहरुको उद्धार, कानुनी र मनोविमर्श सेवा<br>• मदिरा तथा सुर्तीजन्य पदार्थको अव्यवस्थित विक्री वितरण र बालबालिका माथिको प्रयोगमा नियमन गर्ने<br>• बालकोषको स्थापना र संचालन | | | |
| **उद्देश्य नं. ७.** वि.सं. २०८० सम्ममा रोल्पा नगरपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालित भएका हुनेछन्। | • नगरस्तरीय कार्यदल र १० वडामा वडा समन्वय समिति<br>• ५० वटा भन्दा बढी निगरानी समूह | | |
| • **नतिजा ३.१: बालविवाह अन्त्यका लागि परिचालित निगरानी समूह र सामुदायिक संयन्त्रहरु आवश्यक पैरवी र कानुनी प्रक्रिया अवलम्बन गर्न सक्षम भएका हुनेछन्।** | | | |
| • **बालविवाह रोकथामका लागि सामुदायिक संयन्त्र र सम्बद्ध निकायहरु बीच आवश्यक समन्वय, साझेदारी र सिफारिस प्रणालीको विकास भएको हुनेछ।** | | | |

| संक्षिप्त विवरण | सूचकहरु | सूचनाका स्रोतहरु | मान्यताहरु वा जोखिम |
|---|---|---|---|
| **क्रियाकलापहरु :**<br>● नगर र वडा स्तरमा छुट्टाछुट्टै बालविवाह रोकथाम समन्वय समिति गठन, अभिमुखीकरण र परिचालन<br>● घटना दर्ता, सूचना संकलन र अभिलेखीकरणका लागि सूचना अधिकारीको व्यवस्था<br>● विद्यालय तहमा बालसंरक्षणका लागि समस्या एवं गुनासो सुनुवाई डेस्क गठन<br>● युवा तथा किशोरकिशोरीहरुका लागि सूचना तथा परामर्श केन्द्र स्थापना<br>● किशोरकिशोरी सशक्तीकरण एवं लैङ्गिक हिंसा न्यूनीकरणका लागि उत्प्रेरक/सामाजिक परिचालक तोक्ने, परिचालन गर्ने ।<br>● प्रत्येक टोल, बस्तीमा निगरानी समूह पहिचान र परिचालन<br>● किशोरकिशोरीसँग **उप-प्रमुख** कार्यक्रम संचालन | | | |
| **उद्देश्य नं. ८.** रोल्पा नगरपालिकाको बाल विवाह सम्बन्धी पञ्च वर्षीय रणनैतिक योजना (२०७५-२०८०) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ । | ● रणनीतिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य अनुरुप उपलब्धि भए नभएको मूल्यांकन भई थप रणनीति तर्जुमा भएको । | | |
| ● नतिजामूलक समन्वय, अनुगमन एवं मूल्यांकनका लागि सम्बद्ध संयन्त्रहरुको क्षमता अभिबृद्धि भई अनुगमन, मूल्यांकन प्रभावकारी भएको हुनेछ । | ● नतिजामुलक अनुगमन, मूल्यांकन कार्ययोजना तर्जुमा<br>● अनुगमन, मूल्यांकन प्रतिवेदन | | |
| ● आधारभूत सर्वेक्षण<br>● कार्यक्रमको आवधिक समीक्षा<br>● अनुगमन एवं मूल्यांकनको व्यवस्था र बालविवाह मुक्त गाउँ, वडा घोषणा अभियान | | | |

## अनुसूचीहरु

## अनुसूची- १ रणनीतिक योजना निर्माण कार्यदलको नामावली

१. संयोजक : श्री मनकुमारी घर्तीमगर, रोल्पा नगर उप-प्रमुख
२. सदस्य : श्री सावित्रा पुन थापा, प्रमुख प्रशासकीय अधिकृत रोल्पा नगरपालिका
३. सम्पर्क व्यक्ति : श्री नवराज रोका, कार्यक्रम अधिकृत, रोल्पा नगरपालिका
४. सदस्य : श्री लोककुमार श्रेष्ठ, स्रोत व्यक्ति, नगर शिक्षा समिति
५. सदस्य : श्री टंकबहादुर गिरी, प्रमुख, स्वास्थ्य शाखा, रोल्पा नगरपालिका
६. सदस्य : श्री खेमबहादुर बुढा, पत्रकार
७. सदस्य : श्री स्वस्तिका बुढाथोकी, सदस्य, किशोरी समूह
८. सदस्य : श्री गोकर्णप्रसाद पुन, स्थानीय परामर्शदाता
९. सदस्य : श्री मोकर्णबहादुर पुनमगर, कार्यक्रम संयोजक, नेपाल रेडक्रस सोसाईटी, रोल्पा
१०. सदस्य : श्री दिल कमल श्रेत्री, कार्यक्रम संयोजक, सेभ द चिल्ड्रेन, रोल्पा
११. सदस्य : श्री खगेन्द्र भट्ट, कार्यक्रम अधिकृत, यूएनएफपिए, रोल्पा

## अनुसूची- २ कार्यदलको काम, कर्तव्य र अधिकार

कार्यदलको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछ :

- नगरपालिका स्तरको रणनीतिक योजनामा रहेका बाल विबाह विरुद्धका कार्यक्रमहरुलाई सरोकारवाला निकायको वार्षिक कार्यक्रममा प्राथमिकताकासाथ समावेश गरी कार्यान्वयनका लागि पहल गर्ने ।
- बाल विवाह विरुद्धका कार्यक्रमलाई न.पा., वडा र टोल स्तरसम्म संचालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।
- बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने ।
- नगरपालिकाको निर्देशानुसार काम गर्ने ।
- कार्यदलको बैठक आवश्यकतानुसार बस्नेछ ।
- कार्यदलको बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।
- बैठक सम्बन्धी कार्यविधि कार्यदल आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची- ३ आधारभूत सूचना संकलन प्रक्रिया

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन

(२०७५/७६(२०७९/८०)

रोल्पा नगरपालिका, रोल्पा

१.आधारभूत सूचना संकलन प्रक्रिया :

**१.१. प्राथमिक तथ्यांक संकलन**

- टेलिफोन वा प्रत्यक्ष भेटघाटका माध्यमबाट उल्लेखित जानिफकार व्यक्ति(ഁभथ क्ष्लाचयकबलत)सँग अन्तर्वार्ता गरी तथ्यांक संकलन गर्ने :

➢ प्रत्येक वडामा रहेका बालक्लब र आवद्ध सदस्यहरु

➢ प्रत्येक वडामा किशोरी समूह र आवद्ध सदस्यहरु

➢ प्रत्येक वडामा रहेका स्वास्थ्यकर्मी र महिला शिशु स्वास्थ्य स्वयंसेविका

➢ वडामा रहेका निर्वाचित जनप्रतिनिधिहरु

➢ वडामा रहेका पंजिकाधिकारी

➢ वडामा रहेका सामाजिक परिचालकहरु

अन्तर्वार्ताकारको नामः मिति : सम्पर्क नं.

उत्तरदाताको नामः उमेर : पेशा : ठेगाना : सम्पर्क नं.

| क्र. सं. | वडा नं. | जानिफकार/ उत्तरदाता | आ.व.२०७३/७४ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालविवाहको संख्या | केटा | केटी | उमेर | विद्यालय अध्ययनरत | विद्यालय छोडेको | विद्यालय भर्ना नभएको | कुल संख्या |
| | | म.स्वा.से./किशोरी समूह प्रतिनिधि/बालक्लब प्रनितिधि/सामाजिक परिचालक/पंजिकाधिकारी/निर्वाचित जनप्रतिनिधि | | | | | | | | |

| क्र. सं. | वडा नं. | जानिफकार/उत्तरदाता | आ.व.२०७४/७५ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालविवाहको संख्या | केटा | केटी | उमेर | विद्यालय अध्ययनरत | विद्यालय छोडेको | विद्यालय भर्ना नभएको | कुल संख्या |
| | | म.स्वा.से./किशोरी समूह प्रतिनिधि/ बालक्ब प्रनितिधि/सामाजिक परिचालक/पंजिकाधिकारी /निर्वाचित जनप्रतिनिधि | | | | | | | | |

| क्र. सं. | वडा नं. | जानिफकार/उत्तरदाता | आ.व.२०७५/७६ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालविवाहको संख्या | केटा | केटी | उमेर | विद्यालय अध्ययनरत | विद्यालय छोडेको | विद्यालय भर्ना नभएको | कुल संख्या |
| | | म.स्वा.से./किशोरी समूह प्रतिनिधि/बालक्लव प्रनितिधि/सामाजिक परिचालक/पंजिकाधिकारी /निर्वाचित जनप्रतिनिधि | | | | | | | | |

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन

(२०७५/७६-२०७९/८०)

रोल्पा नगरपालिका, रोल्पा

१. आधारभूत सूचना संकलन प्रक्रिया :

**घटना अध्ययन : (बालविवाह भएका २ केटा/पुरुष र २ केटी/महिला**

- उत्तरदाताको नाम :
- उत्तरदाताको उमेर :
- उत्तरदाताको लिङ्ग :
- उत्तरदाताको ठेगाना :
- शैक्षिक योग्यता :
- पेशा :
- परिवारको संख्या : पुरुष : महिला :
- विवाहको कानुनी उमेरबारे जानकारी छ/छैन ? छ : छैन :
- तपाईको कति वर्षको उमेरमा विवाह भएको हो ? ...........बर्षमा ।
- बालविवाहका लागि आकर्षण गर्ने/तान्ने तत्वहरु के के छन् ?

  ...................................................................
- बालविवाहका लागि घचेट्ने तत्वहरु के के छन् ?

  ...................................................................
- बालविवाहले ल्याउने नकारात्मक असरहरु के हुन् ?

  ...................................................................
- बालविवाहका बारेमा सामाजिक मूल्य मान्यता के के छन् ?

  ...................................................................
- बालविवाह न्यूनीकरण गर्न कसले सहयोग गर्न सक्छ र कसरी ?

  ...................................................................
- तपाईको विवाहपूर्व र विवाह पश्चातको जीवन कस्तो रहेको छ ?

  ...................................................................
- तपाई अहिले खुशी हुनुहुन्छ ? छ : छैन :
- के गर्दा तपाई खुशी हुनुहुन्छ ? वा खुशी रहन तपाईलाई के चीजले सहयोग गर्छ ?

  ...................................................................

- तपाई र तपाईको परिवारको विकासका लागि वर्तमान र भावी योजनाहरु के के छन् ?

  ...................................................................

- के तपाईको समुदायमा अन्य साथी वा छिमेकीको वालविवाह (२० वर्ष अगाडिको विवाह) भएको छ ?

  छ : छैन : यदि छ भने पुरुष संख्या : विवाहको उमेर : .........देखि .......सम्म

  महिला संख्या : विवाहको उमेर : .........देखि .......सम्म

- के तपाईलाई बालविवाह र यस सम्बन्धी कानुनी प्रावधानबारे जानकारी छ ? छ : छैन :

- तपाईको समुदायमा बालविवाह रोकथामका लागि मुख्य सरोकारवालाहरु को को हुन् ?

  ...................................................................

- आफ्नो समुदाय र वडामा बालविवाह रोक्न तपाईले के गर्न सक्नुहुन्छ ?

  ...................................................................

- बालविवाह रोकथाम गर्न स्थानीय सरकारले के गर्नुपर्छ ?

  ...................................................................

- अन्य कुनै सुझावहरु भए :

  ...................................................................

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन

(२०७५/७६-२०७९/८०)

रोल्पा नगरपालिका, रोल्पा

१.आधारभूत सूचना संकलन प्रक्रिया :

**समूह छलफल : (किशोरी समूह/बालक्लब/आमा समूह/शिक्षकहरु)**

मष्तिष्क मन्थन र अन्तरक्रिया :

- विवाहका लागि निर्धारित कानुनी उमेरबारे जानकारी छ , छैन ?
- समूह छलफलमा सहभागीहरुको बालविवाह भएको भए कति वर्षमा भएको ?...................वर्षमा
- बालविवाह हुन परिवार र समुदायमा घचेट्ने तत्वहरु के के छन् ? .................................
- बालविवाह हुन परिवार र समुदायमा तान्ने/आकर्षण गर्ने तत्वहरु के के छन् ? .........................
- बालविवाहले ल्याउने नकारात्मक असरहरु के हुन् ?

  ................................................................
- बालविवाहका बारेमा सामाजिक मूल्य मान्यता के के छन् ?

  ................................................................
- बालविवाह न्यूनीकरण गर्न कसले सहयोग गर्न सक्छ र कसरी ?

  ................................................................
- के तपाईको समुदायमा अन्य साथी वा छिमेकीको वालविवाह (२० वर्ष अगाडिको विवाह) भएको छ ?

  छ : छैन : यदि छ भने पुरुष संख्या : विवाहको उमेर : .........देखि .......सम्म

  महिला संख्या : विवाहको उमेर : .........देखि .......सम्म
- के तपाईलाई बालविवाह र यस सम्बन्धी कानुनी प्रावधानबारे जानकारी छ ? छ : छैन :
- तपाईंको समुदायमा बालविवाह रोकथामका लागि मुख्य सरोकारवालाहरु को को हुन् ?

  ................................................................
- आफ्नो समुदाय र वडामा बालविवाह रोक्न तपाईंले के गर्न सक्नुहुन्छ ?

  ................................................................
- बालविवाह रोकथाम गर्न स्थानीय सरकारले के गर्नुपर्छ ?

  ................................................................
- अन्य कुनै सुझावहरु भए :

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन
(२०७५/७६-२०७९/८०)
रोल्पा नगरपालिका, रोल्पा

१.आधारभूत सूचना संकलन प्रक्रिया :

**सामुदायिक परामर्श भेला**

- बालविवाहको समस्या विश्लेषण :

बालविवाह रुपी रुख :

बालविवाहबाट व्यक्तिगत, पारिवारिक र समुदाय तहमा पर्ने असर एवं प्रभावहरु (हांगा र पातहरु)

⇑

बालविवाहलाई सहयोग गर्ने पक्षहरु (डाँठ भाग)

⇑

बालविवाहका मुख्य कारणहरु (जरा)

- बालविवाह रोक्ने उपायहरुको विश्लेषण : (प्रत्येक तहमा(हांगा, डाँठ र जरा) बालविवाह विरुद्धका सकारात्मक कार्यहरु :

बालविवाहबाट व्यक्तिगत, पारिवारिक र समुदाय तहमा पर्ने असर एवं प्रभावहरु(हांगा र पातहरु) : यस तहमा आउने र आउन नदिने उपायहरु :

⇑

बालविवाहलाई सहयोग गर्ने पक्षहरु(डाँठ भाग) : यो तहमा भूमिका खेल्ने पक्षहरुलाई उन्मूलन गर्ने उपायहरु :

⇑

बालविवाहका मुख्य कारणहरु(जरा) : यो मुख्य पक्षहरुलाई हटाउन गर्नुपर्ने कार्यहरु :

बालविवाह रोकथामका लागि रोल्पा नगरपालिकाको अवस्था विश्लेषण :

- सबल पक्ष :
- कमजोर र सुधार गर्ने पक्षहरु :
- अवसरहरु :
- चुनौतीहरु :

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन
(२०७५/७६-२०७९/८०)
रोल्पा नगरपालिका, रोल्पा

१. आधारभूत सूचना संकलन प्रक्रिया

**द्वितीय तथ्यांक संकलन**

- बालविवाहसँग सम्बन्धित साहित्य समीक्षाः
- रोल्पा जिल्ला र रोल्पा नगरपालिका सम्बन्धी जिल्ला समन्वय समिति, केन्द्रीय तथ्यांक विभाग र नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षणका तथ्यांकहरु :
- बालविवाह सम्बन्धी मौजुदा कानुन, नीति र योजनाहरु
- अन्य अनुसन्धानका निचोड र निष्कर्षहरु

मनन् गर्नुपर्ने कुराहरु :

- ➢ उत्तरदातासँग सहज सम्बन्ध स्थापना गर्ने,
- ➢ अन्तर्वार्ता गर्नु पूर्व उत्तरदाताको अनुमति लिई आफ्नो कामको उद्देश्य स्पष्ट पार्ने,
- ➢ टेलिफोन वा प्रत्यक्ष भेटघाटबाट उत्तरदाताहरु किटान गर्ने,
- ➢ प्रत्येक वडा तहमा ३ आर्थिक वर्षमा बालविवाहको आधारभूत तथ्यांक व्यवस्थापन गर्ने र आवश्यक सबै सूचना दिन सक्ने जानिफकार उत्तरदाता छनौट गर्ने ।
- ➢ जानिफकारसँगको अन्तर्वार्ता, समूह छलफल र घटना अध्ययनका लागि प्रश्नावली, नोटबुक, कलम, पेन्सिल,न्युजप्रिन्ट,मार्कर, मेटाकार्ड, मास्किङ टेप जस्ता आवश्यक सामग्रीहरु तयार गर्ने ।

## अनुसूची- ४ सूचना संकलनका लागि कार्ययोजना

बालविवाह रोकथाम नगरस्तरीय रणनैतिक योजना निर्माणका लागि आधारभूत सूचना संकलन

(२०७५/७६-२०७९/८०)

| क्र.सं. | वडा/क्षेत्र/टोल | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. २, लिबाङ | • जानिफकार व्यक्तिसँग अन्तर्वार्ता(स्रोत व्यक्ति, सगरमाथा महिला सहकारी प्रतिनिधि,जि.प्र.का/महिला सेल/पत्रकार | २०७५/०७/३० (16 Nov 2018) | |
| २ | वडा नं. ३ खुमेल | • समूह छलफल (किशोरी समूह)<br>• जानिफकार व्यक्तिसँग अन्तर्वार्ता(महिला स्वास्थ्य स्वयंसेविका)<br>• Case Study | २०७५/८/०१ (17 Nov 2018) | |
| ३ | वडा नं. ८,जंकोट | • समूह छलफल(आमा समूह)<br>• जानिफकार व्यक्तिसँग अन्तर्वार्ता<br>• (स्वास्थ्यकर्मी र वडा अध्यक्ष) | २०७५/८/०२ (18 Nov 2018) | |
| ४ | वडा नं.- १०, धबाङ | • जानिफकार व्यक्तिसँग अन्तर्वार्ता(वडा अध्यक्ष र स्वास्थ्यकर्मी) | २०७५/८/०३ (19 Nov 2018) | |
| ५ | वडा नं. ९, ह्वामा | • सामुदायिक परामर्श<br>• Case Study | २०७५/८/०४ (20 Nov 2018) | |
| ६ | वडा नं. ६, कोटगाउँ | • समूह छलफल (बालक्लब)<br>• जानिफकार व्यक्तिसँग अन्तर्वार्ता(विद्यालय शिक्षक)<br>• सामुदायिक परामर्श<br>• Case Study | २०७५/८/०७ (23 Nov 2018) | |
| ७ | वडा नं. १, बामरुक, खेवासे, मेबाङ | • समूह छलफल (किशोरी समूह, शिक्षक समूह)<br>• सामुदायिक परामर्श<br>• Case Study | २०७५/८/०८ (२ समूह ) (24 Nov 2018) | |
| ९ | लिबाङ | • बृहत छलफल गोष्ठी (२ दिने) तयारी बैठक | २०७५/८/०९ (25 Nov 2018) | |
| १० | लिबाङ | • नगर स्तरमा बाल विवाह न्यूनीकरण सम्बन्धी कार्यशाला गोष्ठी र रणनीतिक योजनाको प्रारुप निर्माण (२ दिन) | २०७५/८/१० र ११ गते (26 & 27 Nov 2018) | |

## अनुसूची-५ रणनीतिक योजना निर्माण कार्यशाला (मंसिर ११ र १२ गते) सहभागी महानुभावहरुको नामावली

| क.स.. | नाम, थर | सम्बन्ध निकाय/पद | कैफियत |
|---|---|---|---|
| १ | श्री पूर्ण के.सी. | नगर प्रमुख, रोल्पा नगरपालिका | |
| २ | श्री राजबहादुर बुढा | प्रमुख, जिल्ला समन्वय समिति, रोल्पा | |
| ३ | श्री गञ्जबहादुर एम.सी. | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय,रोल्पा | |
| ४ | श्री मनकुमारी घर्तीमगर | उप-प्रमुख, रोल्पा नगरपालिका | |
| ५ | श्री सावित्रा पुन थापा | प्रमुख प्रशासकीय अधिकृत, रोल्पा नगरपालिका | |
| ६ | श्री दीपक खड्का | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, रोल्पा | |
| ७ | श्री नीता गुरुङ्ग | राष्ट्रिय परामर्शदाता, डिग्निटी फाउन्डेशन | |
| ८ | श्री खगेन्द्र भट्ट | जिल्ला अधिकृत, यूएनएफपिए, रोल्पा | |
| ९ | श्री कुलबहादुर डाँगी | सि.अ.हे.व, जिल्ला स्वास्थ्य कार्यालय,रोल्पा | |
| १० | श्री दिवाकर आचार्य | नेपाल बालसंगठन, रोल्पा | |
| ११ | श्री नन्दराम पुन | का.वा.अध्यक्ष, वडा नं.७, रोल्पा नगरपालिका | |
| १२ | श्री भावना शर्मा | किशोरी सहजकर्ता | |
| १३ | श्री नौली डाँगी | सदस्य, सगरमाथा महिला सहकारी संस्था,रोल्पा | |
| १४ | श्री शेरबहादुर थापा | का.वा.अध्यक्ष, वडा नं.१०,रोल्पा न.पा. | |
| १५ | श्री खेम बहादुर बुढा | सदस्य, रणनीतिक योजना निर्माण कार्यदल | |
| १६ | श्री राजेश धिताल | सदस्य, रणनीतिक योजना निर्माण कार्यदल | |
| १७ | श्री अर्जुन डाँगी | गै.स.स.महासंघ, रोल्पा | |
| १८ | श्री महेश न्यौपाने | अध्यक्ष, नेपाल पत्रकार महासंघ, रोल्पा | |
| १९ | श्री लोककुमार श्रेष्ठ | सदस्य, रणनीतिक योजना निर्माण कार्यदल | |
| २० | श्री वीणा मल्ल | नगर शिक्षा समन्वय समिति, रोल्पा | |
| २१ | श्री लीला आचार्य | प्र.अ., श्री पिताराज आधारभूत विद्यालय,रेउघा | |
| २२ | श्री तेजबहादुर बी.सी. | जिल्ला प्रहरी कार्यालय,रोल्पा | |
| २३ | श्री यामबहादुर थापा मगर | जिल्ला प्रहरी कार्यालय,रोल्पा | |
| २४ | श्री मीना वि.क. | जिल्ला प्रहरी कार्यालय,रोल्पा | |
| २५ | श्री बेगम गुरुङ्ग | रोल्पा नगरपालिका | |
| २६ | श्री जनक घोटाने गुरुङ्ग | रोल्पा नगरपालिका | |
| २७ | श्री जेनिसा सेन | किशोरी समूह | |
| २८ | श्री सुजिता सुवेदी | किशोरी समूह | |
| २९ | श्री स्वस्तिका बुढाथोकी | किशोरी समूह | |
| ३० | श्री भावना आचार्य | किशोरी समूह | |
| ३१ | श्री नसिब बुढाथोकी | बाल क्लब | |
| ३२ | श्री मोहन बुढा | बाल क्लव | |
| ३३ | श्री धर्मेन्द्र मल्ल | बाल क्लव | |
| ३४ | श्री गीताकुमारी वली | सहजकर्ता | |

| क.स.. | नाम, थर | सम्बन्ध निकाय/पद | कैफियत |
|---|---|---|---|
| ३५ | श्री टंक गिरी | स्वास्थ्य संस्था, रोल्पा नगरपालिका | |
| ३६ | श्री हिमानी खड्का | रेडियो मालश्री | |
| ३७ | श्री गायत्री वि.क. | नगर कार्यपालिका सदस्य | |
| ३८ | श्री इन्द्रबहादुर थापा | वडा अध्यक्ष, वडा नं.३, रोल्पा न.पा. | |
| ३९ | श्री मधुसुदन पोखेल | प्र.अ., बालकल्याण नमुना मा.वि.लिवाङ | |
| ४० | श्री सनसिङ बुढा मगर | वडा अध्यक्ष, वडा नं.८, रोल्पा न.पा. | |
| ४१ | श्री केशरबहादुर महरा | वडा सदस्य, वडा नं.२, रोल्पा न.पा. | |
| ४२ | श्री नवराज आचार्य | वडा अध्यक्ष, वडा नं.४, रोल्पा न.पा. | |
| ४३ | श्री फबिन्द्र आचार्य | प्रतिनिधि, नेपाल कम्युनिष्ट पार्टी | |
| ४४ | श्री खिमा पुन | महिला तथा बालबालिका इकाई, रोल्पा न.पा. | |
| ४५ | श्री मनमाया घर्तीमगर | रेउघा किशोरी समूह | |
| ४६ | श्री सविना घर्तीमगर | रेउघा किशोरी समूह | |
| ४७ | श्री रञ्जिता परियार | रेउघा किशोरी समूह | |
| ४८ | श्री नौलसिङ पुन मगर | सभापति, नेपाल रेडक्रस सोसाईटी, रोल्पा | |
| ४९ | श्री कविता उपाध्याय | जुनकिरी संचार | |
| ५० | श्री देवी गुरुङ | प्रेस संयोजक, रोल्पा न.पा. | |
| ५१ | श्री नवराज रोका | कार्यक्रम अधिकृत, रोल्पा न.पा. | |
| ५२ | श्री पूर्ण वि.क. | यूएनएफपिए, दाङ्ग | |
| ५३ | श्री मीमबहादुर घर्तीमगर | वडा अध्यक्ष, वडा नं.९, रोल्पा न.पा. | |
| ५४ | श्री ओम के.सी. | होली भिजन बोर्डिङ स्कुल,लिवाङ | |
| ५५ | श्री मोकर्णबहादुर पुन मगर | कार्यक्रम संयोजक,नेपाल रेडक्रस सोसाईटी, रोल्पा | |
| ५६ | श्री विपिन कँवर | रोल्पा नगरपालिका | |
| ५७ | श्री बेदुराम आचार्य | रोल्पा नगरपालिका | |
| ५८ | श्री हिमबहादुर विष्ट | रोल्पा न.पा. | |
| ५९ | श्री सुमन आचार्य | रोल्पा न.पा. | |
| ६० | श्री महेन्द्रकुमार शर्मा | ना.सु., रोल्पा न.पा. | |
| ६१ | श्री तुलबहादुर घर्ति मगर | वडा अध्यक्ष, वडा नं.६, रोल्पा न.पा. | |
| ६२ | श्री गोकर्ण प्रसाद पुन | स्थानीय परामर्शदाता | |
| ६३ | श्री रुद्रबहादुर रोका | रोल्पा नगरपालिका | |
| ६४ | श्री मीना घर्तीमगर | वडा सदस्य | |
| ६५ | श्री टोपबहादुर नेपाली | वडा अध्यक्ष, वडा नं.५, रोल्पा न.पा. | |
| ६६ | श्री हरिबहादुर के.सी. | रोल्पा न.पा. | |
| ६७ | उर्मिला बुढाथोकी | रोल्पा न.पा. | |
| ६८ | श्री चन्द्रमा बुढामगर | किशोरी समूह | |

# अनुसूची- ६ रणनीतिक योजना निर्माणको लागि सामुदायिक परामर्श

## सामुदायिक परामर्श : बालविवाहको समस्या विश्लेषण

| क्र.सं. | स्थान | सहभागी संख्या | परामर्श छलफलबाट आएका निष्कर्षहरु | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | **बालविवाहका मुख्य कारणहरु** | **बालविवाहमा टेवा दिने सहयोगी तत्वहरु** | **बालविवाहका असर/प्रभावहरु** | |
| | रोल्पा न.पा.-६, कोटगाउँ | १९ | ● अशिक्षा<br>● चेतनाको कमी<br>● इन्टरनेटको दुरुपयोग<br>● कानुनको प्रभावकारी कार्यान्वयन नहुनु<br>● आमाबुबाको हेलचेक्राई<br>● आमाबुबाको दवाव<br>● देखासिकी,लोभ,साथीको लहैलहैमा लाग्ने<br>● आर्थिक अवस्था कमजोर | ● परिवार, समुदाय, छिमेकी र साथी<br>● सामाजिक संजालको माध्यम मोबाईल | ● कमजोर स्वास्थ्य<br>● शिक्षाबाट बञ्चित, पढाई छाड्ने<br>● घरायसी बोझ,<br>● सानै उमेरमा आमाबुबाको जिम्मेवारी बढ्ने<br>● आफ्नो छोराछोरीको उचित शिक्षादीक्षा, पालनपोषण गर्न नसक्ने<br>● दुर्व्यसनी बढ्ने,लैङ्गिक हिंसाको सिकार<br>● पारिवारिक कलह, झैंझगडा बढ्ने<br>● सम्बन्ध विच्छेद, बहुविवाह<br>● बैदेशिक रोजगारमा जाने, पारिवारिक विखण्डन | |
| | रोल्पा न.पा.-८, जंकोट | ३० | ● केटाकेटीको भावनात्मक र अपरिपक्व सम्बन्ध हुनु,<br>● मोबाईल, फेसबुकको दुरुपयोग<br>● गरिबी, अशिक्षा, चेतनाको कमी भएर छोराछोरीको विवाह गर्न हतार गर्नु<br>● देखासिकीपन<br>● पारिवारिक र सामाजिक वातावरण | ● बालविवाहलाई स्वीकार गर्ने सामाजिक मान्यता<br>● कानुन कार्यान्वयन नभएको अवस्था | ● आमाको स्वास्थ्य बिग्रनु<br>● पाठेघर समस्या<br>● बच्चाको शारीरिक, मानसिक बृद्धि, विकास परिपक्व नहुने<br>● सुत्केरी अवस्थामा महिलाको ज्यान जान सक्ने,<br>● आफ्नो लक्ष्य प्राप्त गर्न नसक्ने, आर्थिक समस्या<br>● आन्तरिक पारिवारिक समस्या बढ्ने<br>● सम्बन्धविच्छेद र बहुविवाह बढ्ने<br>● जनसंख्या बृद्धि | |
| | रोल्पा न.पा.१, बामरुक | २९ | ● गरिबी, अशिक्षा<br>● जनचेतनाको कमी<br>● साथीको लहैलहैमा लाग्ने<br>● इन्टरनेटको दुरुपयोग, मोबाईलको प्रयोग<br>● कमजोर आर्थिक स्थिति<br>● देखासिकी र प्रेम सम्बन्ध | ● सांस्कृतिक मेला जात्रा<br>● इन्टरनेट<br>● साथी, समदाय | ● आमा र बच्चाको मृत्यु हने<br>● पाठेघरमा समस्या आउने<br>● बहुविवाह<br>● पढाई छाड्नपर्ने<br>● सम्बन्ध विच्छेद,झैं झगडा हुने<br>● आत्महत्या हुने<br>● धेरै सन्तान जन्माउने<br>● मानसिक तनाव, आर्थिक भार | |
| | रोल्पा न.पा.१, बामरुक | २९ | **बालविवाहका मुख्य कारणहरु** | **बालविवाहमा टेवा दिने सहयोगी तत्वहरु** | **बालविवाहका असर/प्रभावहरु** | |

| क्रसं. | स्थान | सहभागी संख्या | परामर्श छलफलबाट आएका निष्कर्षहरु | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बालविवाहका मुख्य कारणहरु | बालविवाहमा टेवा दिने सहयोगी तत्वहरु | बालविवाहका असर/प्रभावहरु | |
| | कार्यशाला | | ●अज्ञानता र सामाजिक संरचनाको उपज<br>●घुम्ती बसाई<br>●मानव विकास र बृद्धिबारे अनभिज्ञता<br>●बालमैत्री शिक्षणको अभाव<br>●निर्वाध मादक पदार्थ सेवन गर्ने<br>●संचार साधनको दुरुपयोग<br>●परम्परागत जात्रा संस्कृति<br>●परामर्श, प्रोत्साहनको अभाव<br>●कानुनी व्यवस्थाको कार्यान्वयन फितलो<br>●ढिलो भर्ना, विद्यालयको दूरी टाढा | ●लैङ्गिक असमानता<br>●कानुनको कमजोर कार्यान्वयन<br>●अभिभावक र समाजको दबाव<br>●गरिबी<br>●देखासिकी, न्यून शैक्षिक स्तर र चेतनाको कमी<br>●संचारको दुरुपयोग<br>●सामाजिक परम्परा | ●रोगी आमा र बच्चा<br>●पढाईमा कमजोर<br>●गरिबी<br>●जनसंख्या बृद्धि<br>●कुपोषित आमा र बच्चा<br>●अपाङ्ग बच्चाको जन्म<br>●सानो उमेरमा कार्यबोझ<br>●योग्यताको कमीका कारण जोखिमयुक्त काममा लाग्नुपर्ने ।<br>●शिक्षाबाट बञ्चित<br>●रोजगारीको अवसरबाट बञ्चित हुनुपर्ने<br>●मानसिक विकासमा कमी<br>●लैङ्गिक हिंसा, सम्बन्ध विच्छेद, बहुविवाह<br>●आत्महत्या<br>●आमा र शिशुको मृत्यु<br>●पाठेघर खस्ने,<br>●मानसिक तनाव<br>●टुहुरा बालबालिका<br>●जनसंख्या बृद्धि<br>●फटाहा, डाका, चोर बच्चा हुने सम्भावना | |

# सामुदायिक परामर्श : बालविवाह रोकथामका उपायहरुको विश्लेषण

| क्र. सं. | स्थान | सहभागी संख्या | परामर्श छलफलबाट आएका निष्कर्षहरु | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बालविवाहको मूल (जरा) कारणलाई हटाउने उपाय | बालविवाह रोकथाममा टेवा दिने सहयोगी सकारात्मक पक्षहरु | सकारात्मक प्रभाव र असरहरु | |
| | रोल्पा न.पा.-६, कोटगाउँ | | ●साथीको लहैलहैमा नलाग्ने<br>●जीवनोपयोगी सीपको विकास गर्ने<br>●अभिभावक शिक्षा, सचेतना बढाउने<br>●इन्टरनेटको सदुपयोग<br>●आर्थिक अवस्था सुधार गर्न आयआर्जन र सीपमूलक तालिमको व्यवस्था<br>●सचेतना, शिक्षा बढाउने | ●भोज,भतेर र पार्टीमा नजाने<br>●मोबाईल, इन्टरनेटको सही सदुपयोग<br>●समुदाय, छिमेकीले घरदैलो कार्यक्रम गर्ने<br>●२० वर्ष मुनि विवाह गरे परिवारले अस्वीकार गर्ने<br>●अभिभावकले दबाव नदिने<br>●साथीले सम्झाउने | ●सम्वन्धविच्छेद र बहुविवाहमा कमी<br>●आमा र बच्चाको मृत्युदर कम हुने<br>●घरेलु हिंसा, लैङ्गिक हिंसा कम हुने,<br>●आर्थिक स्थितिमा सुधार<br>●मानसिक तनाव, चिन्ता र हिंसा नहुने<br>●आफ्नो बालबालिकाको उचित शिक्षादीक्षा, पालनपोषण गर्न सफल हुने<br>●आत्म निर्भर हुने, वैदेशिक रोजगारमा जान नपर्ने<br>●दुर्व्यसनीबाट मुक्त | |
| | रोल्पा न.पा.-८, जंकोट | | ●घरदैलो अभियान र जनचेतनामूलक कार्यक्रम गर्ने,<br>●बालविवाह गर्ने, गराउनेलाई सरकारी सेवासुविधा रोक्का गर्ने<br>●अभिभावक शिक्षा,<br>●सामाजिक एवं राजनैतिक प्रतिबद्धता कायम गर्ने | ●भएका कानुनको कडाईसाथ लागू गर्ने<br>●बालविवाहको सामाजिक मान्यतालाई हटाउने र बालविवाह गर्ने घरपरिवारलाई सामाजिक बहिष्कार गर्ने | ●परिवारको सामाजिक, आर्थिक विकास<br>●शिक्षा र सीपविकास एवं आत्मनिर्भर हुने ।<br>●आमा र बच्चाको स्वास्थ्य स्थिति सबल हुने<br>●बहुविवाह र सम्बन्धविच्छेदका घटनामा कमी | |
| | रोल्पा न.पा.१, बामरुक | २९ | ●देखासिकी नगर्ने, मोबाईलको दुरुपयोग नगर्ने<br>●स्वरोजगारी सृजना, सीपमलक तालिम<br>●सानो उमेरमा प्रेम सम्बन्ध नगर्ने<br>●इन्टरनेटको सदपयोग<br>●२० वर्ष पछि विवाह गर्ने | ●गाउँघरमा बालविवाह न्यूनीकरण सम्बन्धी बैठक, छलफल<br>●सडक नाटक र र्‍याली | ●पढाईमा निरन्तरता<br>●आमा र बच्चाको स्वास्थ्य राम्रो हुने<br>●बहुविवाह, सम्बन्धविच्छेद जस्ता समस्या नआउने ।<br>●मानसिक तनाव, आर्थिक भार कम हुने | |
| | | | **बालविवाहको मूल(जरा) कारणलाई हटाउने उपाय** | **बालविवाह रोकथाममा टेवा दिने सहयोगी सकारात्मक पक्षहरु** | **सकारात्मक प्रभाव र असरहरु** | |

| क्र. सं. | स्थान | सहभागी संख्या | परामर्श छलफलबाट आएका निष्कर्षहरु | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बालविवाहको मूल (जरा) कारणलाई हटाउने उपाय | बालविवाह रोकथाममा टेवा दिने सहयोगी सकारात्मक पक्षहरु | सकारात्मक प्रभाव र असरहरु | |
| | कार्यशाला | | ●अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन र घोषणा<br>●कानुनी व्यवस्था कार्यान्वयन कडाईका साथ लागू गर्ने<br>●विद्यालय पुनर्नक्शांकन<br>●परम्रागत जात्रालाई परिस्कृत गर्ने<br>●मादक पदार्थ सेवन तथा ओसारपसारमा किशोरकिशोरीलाई पूर्ण बन्देज लगाउने<br>●एकीकृत बसाई व्यवस्था मिलाउने<br>●संचार साधनको उपयोगलाई नियमन तथा नियन्त्रण गर्ने<br>●विद्यालय तथा परिवारमा निरन्तर सचेतना | ●गाउँ तथा समाजमा चेतना फैलाउने<br>●आत्मनिर्भर तथा स्वावलम्वी बन्ने<br>●विभिन्न संघसंस्था तथा निकायहरु परिचालन गर्ने<br>●दाइजो तथा समाजमा रहेका कुप्रथाहरु हटाउने<br>●रोजगारीको अवसर प्रदान गर्ने<br>● | ●शिक्षा हासिल गरी राम्रो रोजगारी पाउन सफल<br>●उमेर अनुसार खेल्ने, रमाउने, शिक्षा हासिल गर्ने मौका मिल्ने<br>●प्रजनन अंगको पूर्ण विकास र स्वस्थ हुनु<br>●पूरा उमेर पुगेपछि बच्चा जन्माउँदा सामान्य प्रसव<br>●बहुविवाहमा कमी, मानसिक तनावमा कमी<br>●सम्बन्ध विच्छेदमा कमी, आत्महत्यामा कमी,<br>●व्यवस्थित परिवार निर्माण हुने<br>●पोषित आमाबाट स्वस्थ बच्चा जन्मिने<br>●शिक्षाले रोजगारी र सम्मान दिन्छ,<br>●बच्चाको मानसिक विकासमा बृद्धि<br>●२० वर्ष पछिमात्र विहेवारी हुन्छ<br>●रोजगारी तथा पारिवारिक आयमा बृद्धि<br>●सामाजिक मेल एवं सुशासन<br>●ढिलो विवाहले जनसंख्या संतुलन<br>●स्वस्थ आमाको स्वस्थ शिशुको जन्म<br>●तीक्ष्ण बुद्धिका सन्तान<br>●उमेर पुगेपछिको प्रसवबाट पाठेघर खस्ने समस्या कम हुने<br>●आमा र शिशु मृत्युदरको कमी<br>●रोजगार प्राप्त गर्न सक्ने हुन्छन् ।<br>●शिक्षामा पहुँच पुग्छ | |

अनुसुची- ७ बालविवाह न्यूनीकरणका लागि रोल्पा नगरपालिकाका जनप्रतिनिधि र सरोकार वालाहरुको सार्वजनिक प्रतिबद्धता


## बालविवाह न्यूनिकरणका लागि रोल्पा नगरपालिकाका जनप्रतिनिधी र सरोकारवालाहरूको सार्वजनिक प्रतिवद्धता २०७५

२०७५/१२/२८

**यस रोल्पा नगरपालिकाको आयोजनामा सम्पन्न बालविवाह न्यूनिकरण सम्बन्धि नगरस्तरीय रणनैतिक योजनाको छलफल तथा अभिमुखिकरण कार्यक्रममा उपस्थित सम्पुर्ण जनप्रतिनिधी, सदस्यहरु, राजनैतिक दल तथा सरोकारवालाहरूले नगरपालिका भित्र बालविवाह न्यूनिकरणका लागि तपसिल बमोजिम उल्लेखित बुँदाहरु कार्यन्वयन गर्न गराउन सहमत भई सार्वजनिक प्रतिवद्धता जाहेर गरेका छौं ।**

१. दिगो विकास लक्ष्य २०३० अनुरुप महिला, बालिका र किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा तथा भेदभावको अन्त्य गर्नेछौं ।
२. रोल्पा नगरपालिकाका हामी किशोर-किशोरी, अभिभावक, आमा समूह, वडा कार्यलय प्रतिनिधी, महिला स्वास्थ्य स्वयमसेविका २० बर्ष नपुगि आफु र आफ्ना छोराछोरीको विवाह गर्ने/गराउने छैनौं ।
३. २० बर्ष उमेर नपुगेका कसैको बालविवाह भोज र जन्तीमा जाने छैनौं । यदी सहभागी भएमा कानून बमोजिम कारवाहिको भागेदार हुनेछौं ।
४. बालविवाह भए गरेको जानकारी पाएमा त्यस्तो बिबाहलाई कानून बमोजिम बदर गर्न हामी सक्रियतापूर्वक लाग्नेछौं ।
५. बालविवाह, जबरजस्ती विवाह, श्रम शोषण, बालश्रम, मानव बेचबिखन, बन्धक, यौनिक, शारीरिक र मानसिक दुर्व्यवहार तथा यातना लगायत अन्य कुप्रथा विरुद्ध आवश्यक रणनीति, कार्ययोजना र संयन्त्र निर्माण गरि कार्यन्वयन गर्नेछौं ।
६. नगरपालिकाको योजना तथा नीति निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नेछौं ।
७. विद्यालय उमेरका विद्यालय बाहिर रहेका किशोर-किशोरीहरुलाई बैकल्पिक शिक्षा तथा प्राविधिक एवं व्यवसायिक जीवनोपयोगी सीप सिक्ने अवसर प्रदान गर्नेछौं ।
८. किशोर-किशोरीहरुको प्रजनन् स्वास्थ्य सेवा र वृहत यौनिक शिक्षामा पहुँच सुनिश्चित गर्नेछौं ।
९. नगरपालिका अन्तर्गत जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुको पारिवारिक पुर्नस्थापना गर्नेछौं ।
१०. नगर तथा वडामा निर्माण हुने विभिन्न नीति, योजना प्रक्रिया र भौतिक पुर्वाधारहरुलाई बाल संवेदनशिल, बालमैत्री एंव अपाङ्गतामैत्री बनाउनेछौं ।
११. बालविवाह न्यूनिकरण सम्बन्धि नगरस्तरिय रणनैतिक योजना २०७५ अक्षरश: कार्यन्वयन गर्न गराउनेछौं ।

## सामुहिक हस्ताक्षर



## अनुसूची-८ सन्दर्भ सामग्री


- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६
- नेपालको संविधान, २०७२
- बालबालिका ऐन, २०७५
- बालविवाह न्यूनीकरण सम्बन्धी राष्ट्रिय रणनिति, २०७२
- राष्ट्रिय जनगणना, २०६८
- रोल्पा जिल्लाको जनसांख्यिक पार्श्वचित्र, २०७४
- विभिन्न संघ संस्थाले गरेको सर्वेक्षण प्रतिवेदन
- त्रि.वि.वि., जनसंख्या अध्ययन केन्द्रीय विभागको अध्ययन प्रतिवेदन, २०१५
- Photo backcover: Child marriage. Illustration: Ratna Sagar Shrestha/The Himalayan times, January 25, 2019